मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १६४ ★ ने. सं. ११४६ तछला गा, षष्ठी ★ सोमबार ★ २२ असार, २०८३ ★ July 6 , 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# चीन प्रजग कोरियासँग दीर्घकालीन सम्बन्ध विकास गर्न सहमत

सियोल, २१ असार (एएफपी)। चीनका राष्ट्रपति सी चिनफिङले प्रजातान्त्रिक जनगणतन्त्र कोरियाली नेता किम जोङ उनसँग मिलेर दुई देशबिचको सम्बन्धलाई 'दीर्घकालीन, स्वस्थ र स्थिर' विकासतर्फ लैजान तयार रहेको बताउनुभएको प्योङयाङको राज्य सञ्चालित सञ्चारमाध्यम 'कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसीएनए)' ले आइतबार जानकारी गराएको छ ।

गत महिना राष्ट्रपति सी चिनफिङको उत्तर कोरिया भ्रमणपछि उहाँहरूबिच उक्त कुराकानी भएको हो । उक्त भ्रमणको क्रममा दुई नेताले कोरियाली प्राय:द्वीपमा तनाव बढिरहेको र प्योङयाङले रुससँग सैन्य सहकार्य बढाइरहेको बेला सम्बन्धलाई अझ गहिरो बनाउने प्रतिबद्धता जनाएका थिए ।



जुलाई १ मा लेखिएको सन्देशमा राष्ट्रपति सीले चीनको कम्युनिस्ट पार्टीको स्थापना भएको १०५ औँ वर्षगाँठको अवसरमा नेता किमले पठाएको बधाई सन्देशप्रति धन्यवाद व्यक्त गर्नुभएको केसीएनएले कोरियाली अधिकारीलाई उद्धृत गरी जानकारी दिएको हो ।

राष्ट्रपति सीले भन्नुभयो, "किमको सन्देशले प्रजग कोरियाली नेता, सत्तारुढ कोरियाली मजदुर पार्टी र प्रजग कोरियाली जनताको चीनप्रतिको 'गहिरो र न्यानो भावना' झल्काएको छ ।

सीले भन्नुभयो, "चिनियाँ कम्युनिस्ट पार्टी र कोरियाली मजदुर पार्टी दुवै मार्क्सवादी सत्तारुढ पार्टी हुन् । दुई देशले राष्ट्रिय स्वतन्त्रताका लागि सँगै लडेका थिए र पुस्तौँदेखि समाजवादी लक्ष्यलाई संयुक्त रूपमा अगाडि बढाएका छन् ।"

"म दुवै पक्षका सम्बन्धित क्षेत्रहरूलाई हामीबिच भएको महत्त्वपूर्ण साझा समझदारीलाई पूर्ण रूपमा कार्यान्वयन गर्न निर्देशित गर्न तयार छु । चीन-उत्तर कोरिया सम्बन्धलाई

बाँकी पृष्ठ ८ मा

# शिक्षा, खेलकुद र स्वास्थ्यलाई सँगसँगै अगाडि लानुपर्ने

भक्तपुर, २१ असार । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को खेलकुद उपसमितिको आयोजनामा अन्तरसहकारी जिल्लास्तरीय भेन्ट्रान्स डबल ब्याडमिन्टन प्रतियोगितामा अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड प्रथम भयो ।

आइतबार सम्पन्न सेमिफाइनल र फाइनल खेलको अवलोकन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा, खेलकुद र स्वास्थ्यलाई सँगसँगै अगाडि लानुपर्ने बताउनुभयो । उहाँले खेलकुदले शरीर स्वस्थ रहने बताउँदै भक्तपुर नगरपालिकाले सांस्कृतिक सम्पदाको संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ क्षेत्रमा उल्लेखनीय कार्य गर्नुका साथै खेलकुद क्षेत्रलाई पनि माथि उकास्न विभिन्न खेलकुद गतिविधि गरिरहेको स्पष्ट पार्नुभयो ।

यस्तो कार्यमा नगरपालिका र सहकारीबिच एकआपसमा सहयोग गर्दै अगाडि बढ्नुपर्ने उहाँको जोड छ । उहाँले अन्य सहकारीहरूले पनि भक्तपुर बचतले जस्तै अतिरिक्त क्रियाकलापहरू गर्दै जानुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले कुनै पनि संस्था अग्रगामी भई अगाडि बढ्न संस्थाको आर्थिक गतिविधिले मात्र नपुग्ने उल्लेख गर्दै समाज र देशको विकासमा टेवा पुग्ने गतिविधिहरू निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने बताउनुभयो । संस्थाले स्थापनाकालदेखि नै शिक्षा, स्वास्थ्य, सांस्कृतिक क्षेत्रसँग सम्बन्धित गतिविधिहरू गर्दै आएको र आगामी दिनमा पनि सञ्चालन गर्दै जाने उहाँको भनाइ छ ।

भक्तपुर नगर खेलकुद समितिका अध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रलाई माथि उकास्न आवश्यक भूमिका निर्वाह गर्दै आएको बताउँदै सहकारी संस्थाहरूले खेलकुद गतिविधिहरू सञ्चालन गर्नु उदाहरणीय रहेको बताउनुभयो । देशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने एउटा माध्यम खेलकुद भएकाले स्थानीय युवा र विद्यार्थीहरूलाई समेटी यस्तो गतिविधिलाई निरन्तरता दिनुपर्ने उहाँको भनाइ छ ।

बाँकी पृष्ठ ८ मा

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४६

**बादल राईको कागज व्यहोरा :**

म आफै आन्दोलनमा सहभागी भएको हो । सुरुमा माइतीघरदेखि बानेश्वरसम्मको भिड शान्त थियो । तर, जब गोली चल्यो अनि भिड आक्रामक भयो । प्रहरी र सशस्त्र प्रहरी पहिलेदेखि नै ड्युटिमा थिए भने आर्मी पछि आएको थियो । बल प्रयोगभन्दा पहिले निषेधित क्षेत्रबारे अलिअलि जानकारी दिएका थिए । ढुङ्गामुढाबाट मेरो टाउकोमा चोट लाग्यो । आन्दोलनमा घुसपैठ पनि भयो । आन्दोलनको मर्मअनुसार परिवर्तन होस् ।

**एकता शाहको कागज व्यहोरा :**

चाँगुनारायण नगरपालिका वडा नं ४. डिही टोल, उमेर १७ वर्ष, शैक्षिक योग्यता १२ कक्षा पास । चिकित्सा शिक्षा आयोगबाट MBBS मा नाम निकालेर हाल घरमै आराम गरिरहेको छु । २०८२ भदौ २३ गतेको प्रदर्शनमा बानेश्वरस्थित संसद् भवनको दक्षिण गेटमा सहभागी भएको थिएँ । स्कूल युनिफर्ममा भएकोले प्रहरीले हान्दैन भन्ने लागेर अन्य सहभागी भाग्दासमेत नभागी नाराबाजि गरिरहेँ । सो क्रममा सुरक्षाकर्मीले हानेको गोली मेरो बायाँ घुँडामा लागेर घाइते भएँ । हाल घरमै फिजियोथेरापी गराइरहेको छु । मेरो शारीरिक कारणले अन्यत्र अध्ययन गर्न असमर्थ रहेको हुँदा मेरो घर नजिकको KMC मेडिकल कलेजमा अध्ययनको व्यवस्था गराइदिनको लागि माग गर्न चाहन्छु ।

**शम्भु दङ्गालको कागज व्यहोरा :**

म काठमाडौँ जोरपाटीमा रहेको Nayapost.com को सञ्चालक तथा कार्यकारी सम्पादक हुँ । २०८२ भदौ २३ गते बिहान १० बजे चाबहिलमा रहेको मनास्लु कलेज र सेन्टलरेन्स कलेजबाट निस्किएका विद्यार्थीहरूको जुलुसको भिडियो खिच्दै हामी पुरानो बानेश्वर चोकसम्म पुग्यौँ । बिजुलीबजार पुल छेउ पुग्दा ११:३० बजेतिर जुलुसले एभरेस्ट होटल अगाडि सुरक्षाकर्मीले राखेको बेरिकेडमाथि धकेल्न सुरु गऱ्यो । युवाहरूले बेरिकेड ढालेर बिजुलीबजार पुलतर्फ गुडाएर लगे । अन्दाजी १४:३० बजे संसद् भवनको गेट छेउमा सुरक्षाकर्मीले हानेको धातुको गोली मेरो बायाँ खुट्टाको गोलीगाँठो छेडेर वारपार भयो । सडकमा तैनाथ दङ्गा प्रहरीको सङ्ख्या थोरै थियो भने संसद् भवनभित्र अत्याधुनिक हतियार बोकेका सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो । मेरो खुट्टाको हड्डी पूर्णरूपमा निको हुन अझै १ वर्ष लाग्ने डाक्टरको भनाइ छ ।

**प्रकाशबहादुर बोहराको कागज व्यहोरा :**

म माइतीघर मण्डलामा १:४५ बजेतिर सहभागी भएको थिएँ । बानेश्वर चोकस्थित एक नम्बर गेटतिर पुग्दा नपुग्दै एक्कासि मेरो देब्रे खुट्टाको घुँडाभन्दा माथि थाईमा गोली लाग्यो । म आन्दोलनमा सरिक हुनुको उद्देश्य युवा विदेश पलायन हुन नपरोस् भनेर हो । पहिला भिड शान्त नै थियो । बानेश्वरमा मलाई गोली लागेपछि भिड आक्रामक भयो । आन्दोलनमा धेरै नै घुसपैठ भएको थियो ।

**भीमबहादुर दमाईको कागज व्यहोरा :**

भदौ २३ गते करिब ११:३० बजे एभरेस्ट होटेलतर्फको सडक हुँदै हजारौँको भिड संसद् भवनतर्फ आयो । त्यसपछि शङ्खमूलतर्फबाट समेत एक हुल आएर सोही हुलमा मिसियो भीडका मान्छेले ढुङ्गामुढा गरेपछि प्रहरीले पानीको फोहोरा, लाठीचार्ज र अश्रुग्याँस हानेको हो । प्रहरीले माइकबाट कर्फ्यु लागेको भन्दै थियो । मेरो उपचार खर्चमा कुनै पैसा लागेन ।

**सन्तकुमार मेहताको कागज व्यहोरा :**


२०८२ भदौ २३ गते प्रदर्शनको दिन नयाँ वानेश्वरस्थित म आफै सञ्चालक रहेको हिमालयन जाभा कफी सपमा थिएँ । दिनको करिब ११:०० बजेपछि चोकमा मानिसहरूको भिडभाड बाक्लो हुँदै गयो । एभरेस्ट होटल अगाडिको ब्यारिकेड तोडेर प्रदर्शनकारीहरू चोकमा जम्मा हुँदै गए । प्रहरीले पानीको फोहोरा, लाठी हान्दै भिडलाई नियन्त्रणमा लिँदै थियो । भिडकै केही मानिहरू संसद् भवनको १ नं. गेट नाघेर भित्र प्रवेश गर्दै थिए । अश्रुग्याँस हानेपछि भिडका मानिसहरू तितरबितर भए । केही प्रदर्शनकारी मेरो पसल

बाँकी पृष्ठ २ मा

## सूचना

आजको मितिदेखि 'मजदुर' दैनिकको सम्पादकमा चक्रबहादुर चाकतु नियुक्ति हुनुभएको छ ।

– प्रकाशक तथा कार्यकारी सम्पादक




BALLB प्रथम वर्षमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक वर्ष २०८३/०८४ को लागि BALLB प्रथम वर्षको भर्ना आवेदनको लागि फाराम वितरण भईरहेको छ ।

फाराम वितरण शुरु हुने मिति : २०८३ असार १६, मंगलबार
फाराम बुझाउने अन्तिम मिति : २०८३ श्रावण ७ गते, बिहीबार
फाराम तथा प्रवेश परीक्षा शुल्क : रु. २,०००।–
कार्यालय समय : बिहान ७:०० देखि अपरान्ह ५:०० बजेसम्म
अनलाईन फारामको लागि : www.khwopalaw.edu.np

SCAN TO ACCESS APPLICATION FORM

बिस्तृत जानकारीका लागी

An Undertaking of Bhaktapur Municipality
KHWOPA COLLEGE OF LAW
(Affiliated to Purbanchal University)
Dekocha-6, Bhaktapur
01-5920592, 9767239323,
kclballb2079@gmail.com, info@khwopalaw.edu.np
www.khwopalaw.edu.np




**राष्ट्रियस्तरको मूट कोर्ट प्रतियोगितामा ख्वप कलेज अफ लको सफलता**

भक्तपुर, २१ असार । प्रतिष्ठित सातौं बीआरयू (भरतराज उप्रेती) फाउन्डेसन मूट कोर्ट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै ख्वप कलेज अफ ल देशभरका १८ वटा ल कलेजबिच दोस्रो स्थान हासिल गर्न सफल भयो ।

यस उल्लेखनीय उपलब्धिले कलेजको शैक्षिक उत्कृष्टता, विद्यार्थीहरूको क्षमता र समर्पणलाई थप उजागर गरेको छ ।

# जनताको निःस्वार्थ सेवा गर्ने पार्टी नेमकिपा




भक्तपुर, २१ असार । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा भ्रष्टाचारविरोधी दिवसको संस्मरणको अवसरमा भएको 'श्रमिक' साप्ताहिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले २०२५/२०२६ सालमा नै नेपाल क्रान्तिकारी किसान सङ्घले सहकारीका भ्रष्टाचारीलाई उल्टा टोपी लगाई नगर परिक्रममा गराएको उल्लेख गर्नुभयो । नेपालमा भ्रष्टाचारको विरोध गर्ने र भ्रष्टाचारीलाई जनकारबाही गर्ने एउटै मात्र पार्टी नेपाल मजदुर किसान पार्टी हो, उहाँले भन्नुभयो ।

पार्टीको सिद्धान्तअनुसार देश र जनताको सेवा गर्ने भावना मजदुरहरूमा हुनुपर्ने विचार व्यक्त गर्दै उहाँले मजदुरहरू सङ्गठित भई आफ्नो हक र अधिकारको निम्ति लड्न तयार हुनुपर्ने बताउनुभयो । उहाँले मजदुरहरूले पनि नियमित अध्ययन गरी अन्तरक्रियालगायत अन्य कार्यक्रमहरू गर्नुपर्ने चर्चा गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष विष्णुराम दुमरुले वर्तमान सरकारको कुनै सिद्धान्त, विचार र दर्शन नभएको कारण आगामी दिनमा देशले ठूलो सङ्कटको सामना गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्रम बालेन सरकारले १०० दिनमा १०० गर्ने वाचा झूटो साबित भएको र सुकुमवासीलगायत सारा नेपाली जनतालाई दुःख दिई शिक्षा र स्वास्थ्यमा कर लगाएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा सङ्घका जिल्ला सचिव रमेश दुमरु, विक्रम ढुकुछु, गणेशप्रसाद सुवाल र रामकृष्ण बखुन्छेलगायतले बोल्नुभएको थियो ।

# मेनोपज (महिनावारी सुक्ने) सम्बन्धी अभिमुखीकरण




भक्तपुर, २१ असार । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को लघुवित्त तथा बचत समूह परिचालन उपसमितिको आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा मेनोपज (महिनावारी सुक्ने) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा आइतबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्थाबाट बचत तथा ऋण कारोबारका साथै नियमित सामाजिक क्रियाकलापहरू गर्दै आएको बताउनुभयो । उहाँले विगतमा दिएका सिलाइ तालिममा सहभागीहरूले आफ्नै व्यवसाय सञ्चालन गरेको स्मरण गर्नुभयो । उहाँले युवालाई लक्षित गरी यही असार २८ गतेदेखि फोटोग्राफी तालिम सञ्चालन हुने जानकारी दिनुभयो ।

ख्वप अस्पतालका महिला रोग विशेषज्ञ डा. कृष्णप्यारी दुगुजुले अन्य महिला रोगहरूलाई बढी प्राथमिकता दिई चेतनामूलक कार्यक्रम भइरहनुपर्नेमा जोड दिँदै मेनोपज (महिनावारी सुक्ने) सम्बन्धी चेतनामूलक कार्यक्रम अत्यन्त महत्त्वपूर्ण विषय रहेको उल्लेख गर्नुभयो ।

उहाँले ४५ देखि ५५ वर्ष उमेर समूहका महिलाहरूमा महिनावारी सुक्ने समस्या देखापर्ने बताउँदै सोको कारण महिलाहरूमा यौन जिज्ञासामा कमी, निन्द्रा नलाग्ने हड्डी कमजोर हुने तथा मुटुरोगसम्बन्धी स्वास्थ्य समस्याहरू हुनसक्ने सम्भावना रहेको जानकारी दिनुभयो । उहाँले ती समस्याहरू हुन नदिन नियमित चिकित्सक परामर्श लिनुका साथै व्यायाम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका सञ्चालक सदस्य एवं उपसमितिका संयोजक तथा सभापति रत्नश्वरी चवालले मेनोपज महिलाहरूको जल्दोबल्दो समस्याको रूपमा लिन सकिने बताउँदै घरका छोरीहरूलाई सानै उमेरदेखि महिनावारीसम्बन्धी जानकारी दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले महिलाहरूले आफ्नो शरिरमा भएको परिवर्तन र समस्याबारे आफ्नो श्रीमान् एवं परिवारलाई जानकारी दिनुपर्ने बताउनुभयो । उहाँले बढ्दो उमेरसँगै रोग पनि बढ्दै जाने हुँदा नियमित चिकित्सक परामर्श लिनु आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो । औपचारिक कार्यक्रमपश्चात् सहभागी महिलाहरूको स्वास्थ्यबारे डा. कृष्णप्यारी दुगुजुसँग छलफल एवं अन्तरक्रिया गरिएको थियो ।

# भनपा-१० मा आगलागी नियन्त्रण तालिम सम्पन्न

भक्तपुर, २१ असार । भक्तपुर नगरपालिकाले समुदायस्तरमा आगलागीजन्य विपद्को जोखिम न्यूनीकरण तथा नागरिकको सुरक्षा अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरेको वडास्तरीय घरेलु तथा सामुदायिक आगलागी नियन्त्रण तालिम आइतबार भक्तपुर नगरपालिका-१० कमलविनायक मन्दिर परिसरबाट सुरु भएको छ ।

कार्यक्रममा वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले बढ्दो सहरीकरण, विद्युतीय उपकरणको अत्यधिक प्रयोग, खाना पकाउने ग्यास तथा पेट्रोलियम पदार्थको प्रयोगसँगै आगलागीको जोखिम पनि बढ्दै गएकोले विपद्का घटनाबाट मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न नागरिकलाई समयमै सचेत र दक्ष बनाउन यस्ता तालिम अत्यन्त आवश्यक रहेको बताउनुभयो ।

नगरपालिकाले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै सबै वडामा यस्ता व्यवहारिक तथा सीपमूलक तालिम सञ्चालन गरिरहेको जानकारी दिँदै तालिमबाट प्राप्त ज्ञानलाई आफ्नै घर, टोल तथा समुदायमा व्यवहारमा उतार्दै सुरक्षित समाज निर्माणमा सबैले भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा वडा सदस्य कृष्णनारायण दुमरूले गर्नुभएको थियो ।

तालिममा आगलागीका कारण, आगलागी हुन नदिने सावधानी, विभिन्न प्रकारका आगोको पहिचान, आगो नियन्त्रणका आधुनिक विधि, ग्यास सिलिन्डरबाट हुने आगलागी नियन्त्रण, विद्युतीय आगलागी नियन्त्रण, प्राथमिक सुरक्षा उपाय, विपद्का बेला अपनाउनुपर्ने सावधानी तथा उद्धारका आधारभूत विधिबारे सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको थियो ।

तालिमका प्रमुख सहजकर्ता दिनेश वाटीसँगै राजेश गाइजु र न्हुज किजुले सहभागीहरूलाई सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासमार्फत आगलागी नियन्त्रणका विभिन्न प्रविधि सिकाउनुभएको थियो ।

# इन्द्रायणी द्यो छेँको सार्वजनिक परीक्षण




भक्तपुर, २१ असार । इन्द्रायणी द्योछेँ मन्दिर पुनःनिर्माणसम्बन्धी अन्तिम चरणको सार्वजनिक परीक्षण कार्यक्रम आइतबार सम्पन्न भयो ।

स्थानीय जनताको सहभागितामा भएको उक्त कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडा कार्यालयमार्फत भइरहेको विकास निर्माणबारे जानकारी दिँदै जनचाहनाअनुसार नै देको मिबा इटापाके एकीकरण आयोजनाको काम छिटो सम्पन्न गर्न निरन्तर लागिरहेको बताउनुभयो ।

नेमकिपाको स्थानीय निर्वाचन घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताअनुसार नै भक्तपुर नगरपालिकामा काम भइरहेको उहाँले बताउनुभयो ।

पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत विकास निर्माण कार्य गर्दै जनतालाई सेवा-सुविधा दिँदै आएको बताउनुभयो ।

वडा सदस्यद्वय श्यामसुन्दर मातां र मन्जु लाखाजुले घरदैलो नर्सिङ सेवालगायत वडाका गतिविधिबारे जानकारी गराउनुभयो ।

द्योछेँ निर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायको सभापतित्वमा भएको उक्त कार्यक्रममा कोषाध्यक्ष राधेसुन्दर साँय्जु, सचिव कृष्णश्वरी हाडालगायत कृष्ण प्रधानाङ्ग र विष्णुप्रसाद स्वङ्गमिखाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा द्योछेँ निर्माणको लागि रु. ३८,०५,८६१।३६ (अठतीस लाख पाँच हजार आठ सय एकसठी रुपैयाँ छत्तीस पैसा) लागत अनुमान गरिएकोमा अन्तिम चरणसम्ममा जम्मा रु. २९,९२,२८१।७० (उनन्तीस लाख बयानब्बे हजार दुई सय एकासी रुपैयाँ सत्तरी पैसा) खर्च भएको कार्यक्रममा जानकारी दिइएको थियो ।

# वर्से बालीअन्तर्गत सागसब्जी उत्पादनसम्बन्धी अभिमुखीकरण

भक्तपुर, २१ असार । सूर्यविनायक नगरपालिका बालकोट एकीकृत समूह-२ र बालकोट सामुहिक समूह - ३ को संयुक्त आयोजनामा 'वर्से बालीअन्तर्गत हरियो साग सब्जी उत्पादनसम्बन्धी एकदिने अभिमुखीकरण कर्याक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा सूनपा वडा नं. ३ का वडाध्यक्ष दीपेन्द्र केसीले तालिमबाट प्राप्त सीप र ज्ञान व्यवहारमा लागु गरी सिकाउने र सिक्नेतर्फ सबै अग्रसर हुनुपर्ने बताउनभयो ।

सामाजिक सहजकर्ता मदन खाताखोले तत्काली गाउँ विकास कार्यक्रमअन्तर्गत गठित सामुदायिक संस्थाहरूका सदस्यहरूलाई क्षमता अभिवृद्धि गर्न वर्से बालीअन्तर्गत सागसब्जी उत्पादनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो ।

उहाँले विषादबिनाको हरियो साग-सब्जी उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

बालकोट सामूहिक समूहका अध्यक्ष कृष्णसुन्दर श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा बालकोट एकीकृत समूहका अध्यक्ष रामकृष्ण रानामगर, उपाध्यक्ष सकुन्तला भुजेल र प्रशिक्षकद्वय गणेशकुमार श्रेष्ठ र रामकृष्ण ढकालले पनि बोल्नुभएको थियो ।

संस्थाको प्रतिवेदन अञ्जनाजङ्ग थापाले प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा चाँदनी श्रेष्ठले पनि बोल्नुभएको थियो । कार्यक्रममा सहभागीहरूलाई जैविक मल, काउली, धनियाँ र सुमसुमे सागको बीउ वितरण गरिएको थियो ।

*जाँचबुझ....*

छेउछाउ पानी मागेर आँखा सफा गर्दै थिए । करिब दिनको १३:३० बजे म एक्कासि भुइँमा ढलेँ । मेरो घाँटीमा गोली लागेको रहेछ । अहिले म डाक्टरको नियमित फलोअपमा छु ।

भदौ २४ गतेको आन्दोलनमा राज्य सञ्चालन गर्ने महत्त्वपूर्ण प्रशासनिक निकाय, विभिन्न मन्त्रालय, सर्वोच्च अदालतसमेतका न्यायिक निकायहरू, निजी सम्पत्ति, प्रहरी कार्यालयहरूमा तोडफोड तथा आगजनी, प्रहरीहरूको निर्मम हत्या, हातहतियार लुटपाटजस्ता विध्वंसात्मक गतिविधि भए । मैले यी कुरा अस्पतालमा उपचारार्थ रहेको अवस्थामा सामाजिक सञ्जालबाट थाहा पाएको हुँ ।

**आन्दोलनकारीहरूद्वारा आगो लगाइ घाइते बनाइएकी गीताकुमारी शाहको कागज व्यहोरा :**

२०८२/०५/२४ गते म कोटेश्वर चोकस्थित घडी पसलबाट फर्कंदै थिएँ । प्रहरी हवल्दार चिजकुमार कुमाललाई आन्दोलनकारीहरूले चारैतिरबाट घेरा हाली धारिलो हतियार, इँटा ढुङ्गा, लाठी, लात्ती, मुक्का प्रहार गरी मार्न खोजेको देखेँ । निजलाई बचाउन खोज्दा मलाई कुटपिट गरे । सो आन्दोलकारीको समूहमा १ जना अं. २२/२३ वर्षकी केटी पनि थिइन् । मैले नहिर्काउनू, नहान्नु भन्दै गर्दा चिजकुमार कुमालले "मलाई बचाउनुस् !" भनी मेरो छेउमा आएर लुक्न खोजे । आन्दोलनकारीहरूले यसलाई जसरी भए पनि मार्नुपर्छ, छाड्नु हुँदैन भन्दै कुटपिट गरिरहेका थिए । मैले निज चिज कुमार कुमाललाई बचाउ प्रयास गर्दा गर्दै पनि आन्दोलकारीहरूले आगो, पेट्रोलजस्तो तरल पदार्थ चिजकुमार कुमाल र मलाई लाग्ने गरी फ्याँकिदिए । उक्त तरल पदार्थ फ्याँक्ने वित्तिकै आगो सल्कियो, त्यसपछि मेरो शरिरमा पुरै आगो बल्यो । सो आगोबाट मेरो शरिरको कपडा जलेकोले म अत्तालिएर हारगुहार गर्दै कपडा खोलेँ । त्यसपछि मलाई कान्तिपुर अस्पताल लगेको थाहा छ, त्यसपछि बेहोस भएछु । कान्तिपुर अस्पतालबाट मलाई काठमाडौँ मेडिकल कलेजमा लगेर उपचार गरिएछ । उक्त आक्रमणबाट मेरो शरिरको करिब ४० प्रतिशत भाग जलेको छ । मेरो दाहिनेतर्फको हात, कुमदेखि पैतलासम्मै जलेको छ । हालसम्म पनि उपचार गराइरहेकी छु, आफै उठेर हिँड्न सक्दिनँ ।

## सङ्क्षिप्त समाचार

### उनन्चालिस लाख ठगीको अभियोगमा पक्राउ

काठमाडौँ, २१ असार । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारेर रु. ३९ लाख ठगी गरेको अभियोगमा दुई जना युवक पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काभ्रेका सरोज पन्त र रामेछापका अनिल खत्रीलाई उक्त रकम ठगीको अभियोगमा शनिबार पक्राउ गरिएको हो ।

अभियुक्त पन्तले एकजना बेरोजगार युवकलाई आयरल्यान्ड पठाइदिने भन्दै रु. १६ लाख र खत्रीले दुबई पठाउने बहानामा छ्जनाबाट रु. २३ लाख असुलेका थिए । दुवै अभियुक्तलाई कारबाहीका निम्ति वैदेशिक रोजगार विभाग चलान गरिएको छ ।

यसैबिच, नियमित गस्तीमा रहेको प्रहरी टोलीले काठमाडौँ, मोरङ, पर्सा, भक्तपुर, कैलाली, गोरखा, सुनसरी, बाँके, पाल्पा र झापाबाट लागूऔषधसहित १७ जनालाई पक्राउ गरेको छ । *(रासस)*

### कोरला सडकलाई पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना

मुस्ताङ, २१ असार । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री खडकराज पौडेलले कालिगण्डकी करिडोरअन्तर्गत कोरला सडकलाई पर्यटकीय राजमार्गका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको बताउनुभएको छ ।

जिल्ला प्रशासन कार्यालयद्वारा आइतबार यहाँ आयोजित मुस्ताङको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनसम्बन्धी छलफलमा उहाँले कालिगण्डकी करिडोरअन्तर्गत दक्षिणको भैरहवादेखि उत्तरको कोरलासम्मको सडकलाई चाँडो स्तरोन्नति गरी पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना सुनाउनुभयो ।

आर्थिक समृद्धिको मूल आधार पर्यटन क्षेत्र भएकाले कोरलाराजमार्गलाई पर्यटन राजमार्गका रूपमा स्थापित गरिने भन्दै उहाँले मुस्ताङ-डोल्पा सडकलाई पनि सरकारले उच्च प्राथमिकतामा राखेको जानकारी दिनुभयो ।

मन्त्री पौडेलले मुक्तिनाथ क्षेत्रमा लेक लागेर पर्यटक बिरामी हुने समस्या जटिल बन्दै गइरहेकाले त्यसको समाधानका लागि पर्यटक 'टाइम कार्ड' लागू गर्न सरोकार भएका निकायलाई सुझाउनुभयो ।

यहाँका पर्यटनसम्बन्धी विभिन्न सङ्घसंस्थाका प्रतिनिधि र व्यवसायीले पर्यटन क्षेत्रका सम्भावना र चुनौतीबारे मन्त्री पौडेलको ध्यानाकर्षण गराएका थिए ।

### कर्णालीमा पूर्वराष्ट्रिय खेलाडीबिच मैत्रीपूर्ण फूटबल प्रतियोगिता हुने

कर्णाली, २१ असार । कर्णाली प्रदेश रङ्गशालामा 'नेपाल लेजेन्ड्स' र 'कर्णाली लेजेन्ड्स' बिच आगामी शनिबार मैत्रीपूर्ण फूटबल प्रतियोगिता हुने भएको छ ।

ग्रिनल्याण्ड फुटबल एकेडेमी र ह्युमन राइट्स सोसाइटीको संयुक्त आयोजनामा हुने प्रतियोगितामा अखिल नेपाल फूटबल सङ्घ (एन्फा) का पूर्वअध्यक्ष तथा पूर्वराष्ट्रिय खेलाडी गणेश थापा, उपेन्द्रमान सिंह, अनिल गुरुङ, बालगोपाल महर्जन, सागर थापा, हरि खड्कालगायत सहभागी हुने एकेडेमीका अध्यक्ष शशी केसीले आज यहाँ पत्रकार सम्मेलन गरेर जानकारी दिनुभयो ।

कर्णाली प्रदेशमा पहिलोपटक पूर्वराष्ट्रिय खेलाडीको सहभागितामा यस्तो प्रतियोगिता आयोजना हुन लागेको हो ।

प्रतियोगितामा कर्णाली प्रदेशबाट राष्ट्रिय खेलाडी रोहित चन्द, प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव रवीन्द्र चन्द, नवीन भण्डारी, जनक रावल, जनक थापा, नारायण कोइराला, ऋषि गिरी, ललित बसेललगायत खेलाडी पनि सहभागी हुनेछन् । *(रासस)*

### सावाखोलामा पक्की पुल निर्माण

खोटाङ, २१ असार ।सावाखोलामा रु. तीन करोड सात लाख ७३ हजार ५९८ को लागतमा मोटरकारलगायत सवारीसाधन सञ्चालन गर्नमिल्ने पक्की पुल निर्माण भएको छ ।

निर्माणसम्पन्न भएसँगै पुल सञ्चालनमा पनि आएको छ । सङ्घीय सरकारको समपूरक अनुदानमा निर्मित पुलमा शनिबारदेखि सवारीसाधनलाई सञ्चालनको अनुमति दिइएको हो ।

पक्की पुल निर्माण भएसँगै खोटाङ-पाप्माखाम भञ्ज्याङ सडकमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न सहज भएको छ । यो पुल २० दशमलव ९० मिटर लामो छ ।

यसैबिच, २०७५ सालमा ट्र्याक खोलिएको ३३ किलोमिटर खोटाङबजार-पाप्माखाम भञ्ज्याङ सडक धमाधम स्तरोन्नति भइरहेको छ । यसनिम्ति कोसी प्रदेश सरकारले रु. दुई करोड विनियोजन गरेको भौतिक पूर्वाधार मन्त्रालयले जनाएको छ । *(रासस)*

### हात्तीको आक्रमणमा आमाछोराको मृत्यु

नारायणगढ (चितवन), २१ असार । भरतपुर महानगरपालिका-२३ बेलहट्टामा हात्तीको आक्रमणमा परी आमाछोराको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रभूषण यादवका अनुसार शनिबार राति घरमा सुतिरहेका बेला हात्तीको आक्रमणमा परी २५ वर्षीया आशिका बोटे र उहाँकी चार वर्षीय छोरा भरतको घटनास्थलमा नै मृत्यु भएको हो । हात्ती धपाउन आशिकाका श्रीमान् पूर्णले आगो बाल्दा उहाँको कच्ची घरमा आगलागी भएको थियो । आगो प्रहरी र स्थानीयको सहयोगमा निभाइएको थियो । *(रासस)*



**कर्णाली नदी र वरपरको गाउँ :** अछामको तुर्माखाद गाउँपालिका-७ बासकाडाबाट क्यामराले कैद गरिएको अछाम-दैलेख सिमाना भएर बगेको कर्णाली नदी र वरपरको गाउँ । *तस्बिर: सुशील भण्डारी/रासस*

# भक्तपुर बहुमुखी क्याम्पसमा क्यूएएबारे कार्यशाला

भक्तपुर, २१ असार । भक्तपुर बहुमुखी क्याम्पसमा आइतबार कार्यरत प्राध्यापक-स्टाफहरूबिच क्यूएए प्रक्रिया, एसएसआर तयारी र श्रोत व्यवस्थापनबारे आइतबार एकदिने कार्यशाला सम्पन्न भयो ।

कार्यक्रममा कार्यवाहक रजिष्ट्रार प्रा.डा.महानन्द चालिसेले रातो किताबमा आङ्गिक क्याम्पस/कलेजहरूबिच समन्वयबारे निर्दिष्ट गरेको उल्लेख गर्दै बैठकमा प्राज्ञिक परीक्षण गर्नुपर्ने कुरो उठिरहेको भए पनि कार्यान्वयनमा ढिलाइ भएको बताउनुभयो ।

क्यूएए प्रक्रियाका लागि प्रमुख तीन आयामहरू इन्पुट, प्रोसेसिङ र आउटपुट रहेको चर्चा गर्दै उहाँले त्रि.वि. आङ्गिक क्याम्पस तथा सरकारी कलेजहरूले प्राज्ञिकताको गुणस्तर र दिगोपनामा ध्यान नदिँदा विकासमा पछि परेको उल्लेख गर्नुभयो ।

आगामी साउनदेखि सरकारी कलेजहरूका क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरूले समेत प्राज्ञिक परिक्षण गर्ने अधिकार पाउने जानकारी गराउनुभयो ।

झन्डै तीन दशकदेखि आङ्गिक क्याम्पसहरूमा कुनै पनि विभागले शिक्षण क्रियाकलापको निरीक्षण र मूल्याङ्कन नगरेको तथ्याङ्क प्रस्तुत गर्दै क्यूएए प्राप्त गरेका कतिपय शैक्षिक संस्थाहरू अनुसन्धानउन्मुख मानव श्रोतको कमीका साथै श्रम बजारले निर्दिष्ट गरेको पाठ्यक्रम निर्माण गर्न सकेको छैन भन्नुभयो ।

क्यूएएविज्ञ प्रा.डा. संगिता राजभण्डारीले सन् २०३० सम्ममा सम्पूर्ण पुरुष र महिलालाई प्राविधिक, व्यावसायिक तथा सेवामूलक शिक्षामा समान पहुँचको सुनिश्चितता गर्नुपर्ने प्रावधानबारे जानकारी दिँदै सन् १९०० देखि सुरुवाट गरिएको क्यूएएको इतिहासबारे चर्चा गर्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगका क्यूएए विभागकी नविना चौलागाईले क्यूएए के, किन र कसरी प्राप्त गर्न सकिन्छ र सबल लेखाइका लागि चाहिने बुँदाहरूबारे चर्चा गर्नुभयो ।

क्यूएए प्रमुख सहप्राध्यापक डा. अच्युत अधिकारीले कलेजहरूमा आन्तरिक गुणस्तर सुनिश्चितता समित (आइक्यूएसी) को आवश्यकताबारे स्पष्ट पार्दै प्रतिस्पर्धात्मक विश्वमा सफलता पाउनको लागि सीप, रचनात्मक सोच र सञ्जालको आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

भक्तपुर क्याम्पसका क्याम्पस प्रमुख सहप्राध्यापक डा. कविता लुईँटेलको सभापतित्वमा सञ्चालित उक्त कार्यशालामा मानविकी संकायका सहायक क्याम्पस प्रमुख उपप्राध्यापक डा. किशोर हाकुदवाल, आरएमसी अध्यक्ष प्रा.डा. अर्जुन गौतम, भवक्या प्राध्यापक सङ्घकी सविता अधिकारी, उपप्राध्यापक डा. मञ्जुश्वरी कर्माचार्य, उपप्राध्यापक जीवलाल बेलबासे, प्रशासन सहायक देवकी श्रेष्ठ, जिन्सी तथा स्टोर्स विभाग प्रमुख शारदा शर्मा लगायतले बोल्नुभएको थियो ।

# वैदेशिक रोजगारीबाट फर्किएर पेडाबाट आत्मनिर्भर

सुनसरी, २१ असार ।वैदेशिक रोजगारीमा ११ वर्ष बिताउनुभएका वराहक्षेत्र नगरपालिका-१ चतराघाटका महेश साहले हाल पेडा व्यवसायबाट मासिक रु.८० हजारभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

मलेसियाबाट स्वदेश फर्किएपछि केही वर्ष धरान-चतरा-रामपुर सडकखण्डमा ट्याम्पो चलाउनुभएका उहाँ चतराघाटमा सञ्चालनमा रहेका पेडा पसलबाट प्रभावित भएर तीन वर्षअघि त्यसमा होमिनुभएको हो । "सुरुमा विभिन्न मिठाइ बनाएर बिक्री गर्थें । पछि पेडा बनाउन थालें । अहिले यही व्यवसाय राम्रोसँग चलिरहेको छ," उहाँले भन्नुभयो ।

केही दशकअघि कोसी नदी किनारको चतराघाट ढिके नुनको व्यापारका लागि परिचित थियो । साहका पितापुर्खाले पनि त्यही स्थानमा ढिके नुनको व्यापार गर्नुहुन्थ्यो । समयसँगै व्यापारको स्वरूप फेरिँदै अहिले चतराघाट पेडा पसलका लागि परिचित बन्दै गएको छ ।

विक्रम संवत् २०७२ मा चतरास्थित कोसी पुल सञ्चालनमा आएपछि धरान, इटहरी, विराटनगरलगायत पूर्वी क्षेत्रबाट चतरा-गाईघाट-सिन्धुली हुँदै काठमाडौँ जाने वैकल्पिक सडकमार्ग प्रयोगमा आयो । त्यसयता यस क्षेत्रमा सवारीसाधनको आवागमन उल्लेख्य रूपमा बढेसँगै व्यापारिक गतिविधि पनि विस्तार भएको साह बताउनुहुन्छ ।

यात्रुको चहलपहल बढेसँगै पेडाको माग पनि निरन्तर बढिरहेको छ । अहिले उहाँको पसलमा देशका विभिन्न जिल्लाबाट आउने यात्रुले पेडा किन्ने गरेका छन् । अनलाइनमार्फत पनि पर्याप्त अर्डर आउने गरेको र डेलिभरीको व्यवस्थासमेत मिलाइएको उहाँले जानकारी दिनुभयो । दैनिक १२० लिटरभन्दा बढी दूधबाट पेडा उत्पादन गर्नुहुन्छ । उहाँले उदयपुरको रामपुर र श्रीलङ्का टप्पु क्षेत्रबाट दूध खरिद गरी पेडा बनाउने गरेको बताउनुभयो ।

"विदेशमा १२ घण्टा काम गर्दा मुस्किलले रु.४० देखि ४५ हजार कमाइ हुन्थ्यो," उहाँले भन्नुभयो, "अहिले आफ्नै ठाउँमा परिवारसँग बसेर काम गर्दा मासिक रु.७० देखि ८० हजारसम्म आम्दानी हुन्छ । आफ्नै गाउँमा बसेर काम गर्न पाउनु नै सबैभन्दा ठूलो सन्तुष्टि हो ।"

हाल चतराघाट क्षेत्रमा एक दर्जनभन्दा बढी पेडा पसल सञ्चालनमा छन् । कोसी पुल निर्माणपछि बढेको सर्वसाधारणको आवागमनसँगै चतराघाट पूर्वी नेपालको पेडा उत्पादन र बिक्रीका लागि परिचित केन्द्रका रूपमा स्थापित हुँदै गएको छ । *(रासस)*

## मुआब्जा विवाद टुङ्गिएसँगै बिजलपुरा-बर्दिबास रेलमार्ग निर्माण सुरु

जनकपुरधाम, २१ असार । मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै जयनगर-बर्दिबास १८ किलोमिटर रेलमार्ग निर्माणले गति लिएको छ ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जग्गा मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्यका साथ निर्माण कम्पनी इरकन इन्टरनेसनलले काम थालेको छ । धनुषा र महोत्तरीमा धमाधम ट्र्याक निर्माण भइरहेको छ ।

जयनगर-बर्दिबास ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगर-कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रूपमा रेल सेवा सञ्चालन हुँदै आएको छ ।

यसैबिच, नेपाल रेल्वे कम्पनीले अतिक्रमणमा परेको आफ्नो जग्गाको खोजी सुरु गरेको छ । विभिन्न स्थानमा रेल्वेको जग्गा अतिक्रमण भएको पाइएपछि नक्साका आधारमा खोजी थालिएको महाप्रबन्धक पराजुलीले बताउनुभयो ।

जयनगर-बर्दिबास रेलमार्ग नेपाल र भारतबिचको महत्वपूर्ण सीमापार रेल परियोजना हो । यो ब्रोडगेज रेलमार्ग नेपाल-भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माणाधीन छ । यो परियोजनाले दुई देशबिचको आवागमन, व्यापार तथा आर्थिक गतिविधिलाई सहज बनाउनुका साथै नेपालको रेल पूर्वाधार विस्तारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । *(रासस)*

## जोखिममा परेका बालबालिकालाई सहयोग

मान्म (कालीकोट), २१ असार । कालीकोटको तिलागुफा नगरपालिकाले जोखिममा परेका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री वितरण गरेको छ । नगरपालिकाले जोखिममा परेका बालबालिकालाई बाल हित कोषमार्फत खाद्यान्न र शैक्षिक सामग्री वितरण गरेको हो ।

नगरपालिकाको बाल हित कोषमार्फत विपन्न, असहाय तथा विभिन्न कारणले जोखिममा परेका बालबालिकालाई राहत सामग्री प्रदान गरेको छ । नगरपालिकाभित्रका जोखिममा परेका ११५ बालबालिकालाई खाद्यान्न र शैक्षिक सामग्री वितरण गरेको नगरप्रमुख शङ्करप्रसाद उपाध्यायले बताउनुभयो ।

उहाँले बालबालिकाको संरक्षण, शिक्षा र समग्र विकासलाई नगरपालिकाले उच्च प्राथमिकतामा राखेको बताउनुभयो । नागरिकको दुःख र अप्ठ्यारोमा स्थानीय सरकार सधैँ साथमा रहनेछ । आगामी दिनमा पनि यस्ता मानवीय तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिइने उहाँको भनाइ छ ।

नगरपालिकाका अनुसार बाल हित कोषमार्फत आगामी दिनमा आवश्यकतामा रहेका बालबालिका तथा विपन्न परिवारलाई लक्षित गरी विभिन्न सहयोगात्मक कार्यक्रम सञ्चालन गरिने जनाएको छ । *(रासस)*

।सम्पादकीय।

# निर्दलीय चरित्रदेखि सावधान !

पञ्चायतकालमा राजाभन्दा राजावादीहरू सक्रिय थिए । राजावादीहरूको अत्याचार, दमन, जनविरोधी कदम र निरङ्कुश चरित्रकै कारणले पनि पञ्चायती व्यवस्था अन्त्य भएको थियो । अहिले देशमा रास्वपाको नेतृत्वमा सरकार छ । बहुमतको आधारमा कुनै दलले सरकार सञ्चालन गर्नु स्वाभाविक हो । तर, पञ्चायतकालमा झैँ अहिले देशमा स्वतन्त्रताको नाउँमा स्वतन्त्रभन्दा बढी स्वतन्त्रता चाहने अन्धभक्तहरू रास्वपाले जे गरे पनि समर्थन गर्नेमात्र होइन ठिक्कै गरे भनी अझ बढाइचढाइ गर्न पछि पर्दैनन् । उनीहरू रास्वपालाई बहुमत जनताले मतदान गरेको हुँदा अरू सबै दल बेठीक, रास्वपामात्रै ठीक भनी वकालत गर्छन् । निर्वाचनमा जितेकै आधारमा कुनै दललाई सही ठान्नु उचित ठानिँदैन । अहिले जितेको आधारमा रास्वपालाई ठीक ठानेर अर्को निर्वाचनमा पहिलो दल बनेन या हालको भन्दा धेरै सीट हार्‍यो भने के त्यो बेला रास्वपालाई बेठीक मान्ने हो ? त्यसो त योभन्दा अघि कहिले नेका, कहिले एमाले त कहिले माओवादी ठुलो दल बनेकै हुन् । ठुलो दल बनिरहुञ्जेल सही र ठुलो दल नभएपछि बेठीक भन्ने कुरा हुँदैन । कुन दल ठीक र बेठीक, सही र गलत त्यो दलको सिद्धान्त, दर्शन र विचारको आधारमा हुन्छ । त्यसकारण, दलको सच्चाइको मापदण्ड दल ठुलो र सानो होइन सिद्धान्त, दर्शन र विचार हो । बहुमतको आधारमा रास्वपालाई सही ठान्ने अन्धभक्तहरू हिजो चौथो दल हुँदा रास्वपा बेठीक भन्नु पर्‍यो नि ! हिजो राजाभन्दा राजावादीहरूको कारण पञ्चायती व्यवस्था या राजतन्त्र बदनामसँगै अन्त्य भएझैँ अहिलेको रास्वपा पनि 'स्वतन्त्रभन्दा बढी स्वतन्त्र भएर गुणगान गर्ने अन्धभक्तहरूकै कारण रास्वपा पछि अन्त्य हुन बेर लाग्दैन ।

रास्वपाको पहिलो महाधिवेशनले पनि आफ्नो पार्टीको स्पष्ट सिद्धान्त, दर्शन र विचार प्रस्ट पारेको छैन । त्यो दलको दृष्टिकोण स्पष्ट छैन भन्ने कुरा संवैधानिक समाजवादी अवधारणा छोडेर लोकतान्त्रिक पद्धतिलाई मान्यता दिएबाट थाहा हुन्छ ।

संसदीय पद्धतिअनुसार राष्ट्रपतिलाई आफ्नो सरकारको नीति र कार्यक्रम वाचन गर्न निम्त्याउने प्रम बालेन साह आफै राष्ट्रपतिले वाचन गर्दै गर्दा उठेर संसद्बाट बाहिर गए । यो प्रमलाई सुहाउने कुरा होइन । के यो झन्डै दुईतिहाइ बहुमत प्राप्त दलको अहङ्कार हो ? यो स्वच्छ छविको सरकार हो भने गत भदौ २३ र २४ गते भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ । जुन वर्गको हातमा डाडु-पन्यु हुन्छ त्यसले आफ्नो वर्गको हितबाहेक अरूको हित हेर्दैन । यो सरकारको जिम्मेवार नेता र मन्त्रीले सरकारी नीति तथा कार्यक्रम र बजेट मध्यम वर्गको हितको निम्ति ल्याएको बताए । उक्त भनाइले यो सरकार शोषित पीडित या श्रमजीवीवर्गको पक्षमा छैन भने थाहा हुन्छ ।

सुकुमवासी बस्तीलाई हतारमा उठाएर उचित व्यवस्थापनमा ढिलाइ भएको निश्चित हो । स्वदेशमै आवश्यक रोजगारीको अवसर नपाउनु र देशको अर्थतन्त्र मजबुत नहुनु यथार्थ हो । प्रधानमन्त्री बालेनले संसदीय मान्यताको अपमान गरेकै हुन् । संसद्मा अन्य दलका सांसदहरूको जिज्ञासाको जवाफ दिने नाउँमा अपनाउनुपर्ने शिष्टताभन्दा बाहिर गएर आक्रामक शैलीमा उत्रिनु सरकारको लागि शोभनीय होइन । दल खोलेर, दल बनाएरै बहुमत प्राप्त गरेको दलले दलीय आधारलाई मान्यता नदिने नीति अपनाउने रास्वपामा दलीयभन्दा निर्दलीय चरित्रको दुर्गन्ध छ भन्ने थाहा हुन्छ । सरकारले गरेको नीति, निर्णय र क्रियाकलापले यो सरकार जनतामाझ बदनाम मात्र होइन जनतामा असन्तोष बढ्दै गएको देखिन्छ ।

# भारतीय विदेश नीतिको विरोधाभास


✍ सागरिका घोष

गत महिना सम्पन्न जी-७ शिखर सम्मेलनमा भाग लिन गएका भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको एक भिडियो सामाजिक सञ्जालमा भाइरल भयो । भिडियोमा इटलीकी प्रधानमन्त्री जर्जिया मेलोनी प्रधानमन्त्री मोदीलाई उत्साहपूर्वक आफूहरू पछिल्लो समय इन्स्टाग्रामको सबैभन्दा चर्चित जोडी भएको बताउँछिन् । त्यसअघि मोदी इटलीको राजकीय भ्रमणमा गएका बेला मोदी र मेलोनीको थर जोडेर नाम दिइएको चकलेट 'मेलोडी' को प्याकेटसाथ खिचिएको भिडियो भाइरल भएको थियो, जसले तुरुन्तै सामाजिक सञ्जालमा लाखौँको भ्युज पाएको थियो ।

पछिल्लो समय भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रत्येक विदेशयात्रा यस्तै 'भाइरल क्षण' का शृङ्खला देखिन्छ । तिनमा समान विशेषता पाइन्छ- सावधानीपूर्वक मञ्चन गरिएको फोटो सेसन, कोरियोग्राफपूर्ण अन्तरक्रिया र भाइरल हुनकै लागि बनाइएका सामाजिक सञ्जालमैत्री 'साउन्डबाइट' । यो जनसम्पर्कमै सीमित हुन्थ्यो भने समस्या हुने थिएन । तर, भारतका लागि अत्यन्त चिन्ताजनक के हो भने यसले भारतको विदेश नीतिको क्रमिक पतनलाई इङ्गित गर्छ- जहाँ सामाजिक सञ्जालको तमासाले वास्तविक प्रभावभन्दा बढी महत्त्व पाउन थालेको छ ।

यस पतनमा देशको मूल मुद्दा भने छायामा पर्न थालेको छ । यसको एक उदाहरण जी-७ बैठकमै देखियो । त्यहाँ ट्रम्प-मोदीबिच भेटका क्रममा 'स्ट्रेट अफ हर्मुज' त्यसैको केहीअघि अमेरिकी सैन्य हमलामा तीन भारतीय नाविकको मृत्युबारे प्रश्न सोधिँदा ट्रम्प हल्का टिप्पणी गर्दै पन्छिन्छन्, 'खासमा राजनीति एक कठिन पेसा रहेछ ।' ट्रम्पले त्यसो भन्दा छेउमा बसिरहेका मोदी मुस्कुराइरन्छन्, केही जवाफ दिँदैनन् । यी घटनाले मोदी सरकारको विदेश नीतिको तस्बिर प्रस्तुत गर्छ, जुन अत्यधिक दृश्यमान, अत्यधिक व्यक्तिगत, निरन्तर प्रचारित त छ, तर दुर्भाग्यवश नैतिक स्पष्टता, ठोस दृष्टिकोण र रणनीतिक आत्मविश्वासविहीन अवस्थाबाट गुज्रिरहेको छ । यसले गर्दा विश्व मामिलामा भारतको आवाज गुम्दै गएको छ ।

भारतको विदेश नीतिको परम्परा गर्व गर्न लायक छ । विगतमा भारतले आफ्नो देशको हित मात्र नभई आफूभन्दा बृहत्तर उद्देश्यको प्रतिनिधित्व गरेको विश्वास लिन्थ्यो । देशका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले असंलग्न आन्दोलनलाई आकार दिन भूमिका खेलेका थिए । उनले शीतयुद्धको समयमा




महाशक्ति प्रतिद्वन्द्विताले विभाजित संसारमा भर्खरै स्वतन्त्र भएका देशको आवाजलाई आकार दिन भूमिका खेले । इन्दिरा गान्धीले पनि सन् १९७१ मा असाधारण रणनीतिक साहस प्रदर्शन गर्दै विश्वशक्ति अमेरिकी दबाबको प्रतिरोध गर्दै बङ्गलादेश निर्माणमा प्रमुख भूमिका खेलिन् ।

विश्वव्यापी मुद्दामा भारतले स्पष्ट अडान लिन छाडेको छ । जस्तो, सन् २०२२ मा रुसले छिमेकी युक्रेनमाथि आक्रमण गर्‍यो । भारतले सन्तुलनको भाषा बोल्दै रणनीतिक सहयोगी रुसको निन्दा गर्नबाट पन्छियो । गाजाको आमविनाशप्रति पनि भारतले कुनै अडान लिएन । यो कुरा सन् २०२३ र २०२४ बिच गाजामा तत्काल युद्धविरामको माग गर्दै मतदान हुँदा भारत चारैपटक अनुपस्थित रह्यो । फेरि इरानमाथि अमेरिका र इजरायलको आक्रमण हुँदा नयाँदिल्ली यति सतर्क रह्यो कि लगभग भारतीय कूटनीति अदृश्य र पूर्ण रूपमा मौन देखियो । इरानका सर्वोच्च नेता, आयतोल्लाह खामेनीको अमेरिकी आक्रमणमा हत्या हुँदा भारतको नैतिक कायरता झन् स्पष्ट भयो । मोदीले नजिकैको देशका नेताको मृत्युमा समवेदना पनि व्यक्त गरेनन् । कतिपयले रणनीतिक अस्पष्टता भारतका लागि आवश्यक भएको तर्क गरिरहे ।

भारतले विगतमा विश्व घटनाप्रति प्रतिक्रिया मात्र नदिई आकार पनि दिने प्रयास गरेको इतिहास छ । तर, मोदी सरकारको कूटनीति भने प्रभावमा भन्दा प्रदर्शनमा केन्द्रित छ । मोदीका प्रत्येक विदेश यात्रामा समान रूपरेखा देखिन्छ- मोदी समर्थक भारतीय प्रवासीको भिडमा मोदीको उपस्थिति, अत्यन्त व्यवस्थित सांस्कृतिक कार्यक्रम र तिनमा केही भारतीय प्रवासीलाई प्रधानमन्त्रीले अँगालो हालेका दृश्य सामाजिक सञ्जालमा राख्न मिल्ने उत्कृष्ट ड्रोन सट र सावधानीपूर्वक सम्पादन गरिएका भिडियोहरू । मोदीका प्रत्येक विदेश भ्रमणका केही तस्बिर र दृश्य भाइरल पनि हुन्छन्, तर भ्रमणको परिणाम भने प्रायः अदृश्य नै रहन्छन् । मोदीले विगत १२ वर्षमा १०० विदेश भ्रमण गरिसके । तर, यति धेरै यात्राले भारतीय निर्यात बढाउन कत्ति भूमिका खेल्यो ? के प्रधानमन्त्रीको बढेको विदेश यात्राले भारतलाई ठुलो बजार पहुँच दिलाउन सक्यो ? के यसले चीनको बढ्दो आक्रामकताविरुद्ध भारतको स्थितिलाई बलियो बनायो ? यी भ्रमणले के मापनयोग्य परिणाम दिए ?

यही अवधिमा भारतको प्रतिद्वन्द्वी पाकिस्तानले आफूलाई महत्त्वपूर्ण कूटनीतिक वार्ताको केन्द्रमा राख्न सफल भएको छ । भारत कूटनीतिक कोठामा लगभग अनुपस्थित देखिँदा पाकिस्तानले अमेरिका र इरानबिच युद्ध अन्त्य गरेर 'इस्लामाबाद समझदारी पत्र (एमओयू)' गराउन मध्यस्थकर्ता र साक्षीको भूमिका खेल्यो । मोदीले भारतको विदेश नीतिलाई 'इन्स्टाग्राम रिल' मा झारेका छन् । मोदीको विदेश नीति सामाजिक सञ्जालका फिडमा त देखिन्छन्, तर निर्णयतर्फ डोर्‍याउने महत्त्वपूर्ण वार्ताहरूमा भने भारत कतै देखिँदैन । अर्थात्, मोदी जताततै देखिँदा भारत आफैँ भने कतै देखिँदैन ।

*- द प्रिन्टबाट*

# के निर्माण गर्नु मात्र विकास हो ?



पाठक पत्र

भक्तपुर नगरपालिकाले आफ्नो परम्परा, कला र संस्कृति जोगाउँदै विश्वसामु जुन गौरवपूर्ण मानक स्थापित गरेको छ, त्यसको जति प्रशंसा गरे पनि कम हुन्छ । विशेषगरी हाम्रा पुराना दरबार स्क्वायर, मन्दिर र ऐतिहासिक सम्पदाहरूको संरक्षणमा नगरपालिकाले देखाएको तदारुकताले हामी नगरवासीको शिर सधैँ उच्च बनाउने गरेको छ । विकास र सम्पदाको संरक्षणलाई सन्तुलित रूपमा अगाडि बढाउने नगरपालिकाको यही कार्यशैलीको अपेक्षा हामीले नगरका अन्य विकास निर्माणका योजनाहरूमा पनि राख्नु स्वाभाविक हो । यसै सन्दर्भमा, 'देको मिबा आवास योजना' अन्तर्गत खोला छेउमा हालै सम्पन्न भएको कालोपत्रे सडकले उक्त क्षेत्रको मुहार नै फेरेको छ, जुन हामी सबैका लागि खुसीको कुरा हो । सडकको संरचना अहिले पनि बलियो नै छ तर व्यवस्थापनको अभावमा यो सुन्दर सडकले भोगिरहेको नियतिप्रति हामी चिन्तित छौँ ।

सडकको छेउछाउका पेटीहरू अहिले यति धेरै घाँस र झारले पुरिएका छन् कि पैदलयात्रीहरू हिँड्न नसक्ने अवस्था छ । जब पानी पर्छ निकासका लागि बनाइएका ड्रेन र इनलेटहरूमा माटो र घाँस भरिएर पानीको बाटो नै थुनिएको छ । यसले गर्दा पानी पर्दा सबै मेनहोलहरू बन्द भएर सडकभरि पानी जमेर पोखरी बन्छ, जसले गर्दा भर्खरै बनेको कालोपत्रे पिचको आयु छिट्टै सकिने खतरा छ । त्यसमाथि सडकका कतिपय भागमा मेनहोलका ढक्कनहरू हराउँदा वा नहुँदा ती खाल्डाखुल्डीहरू पैदलयात्री र मोटरसाइकल चालकका लागि खतरा बनेका छन् । अँध्यारोमा हिँड्ने क्रममा दुर्घटना होला कि भन्ने डर हामीमा छ । सडक बत्तीको अभावले गर्दा कतिपयले अँध्यारोको फाइदा उठाउँदै जथाभावी फोहोरका बोराहरू फ्याँक्ने गरेका छन् ।

उक्त आवास योजनाभित्रै निर्माण गरिएका ठुलठुला टहराहरू फोहोरमैला सङ्कलन केन्द्रको रूपमा प्रयोग भइरहेको देखिन्छ, जसले गर्दा त्यहाँ वरिपरि दुर्गन्ध फैलिएर वातावरण नै असहज बनेको छ । आवास योजना भनेको मानिसहरूको बसोबासका लागि निर्माण गरिएको क्षेत्र हो । यदि ती टहराहरू फोहोरमैला सङ्कलन केन्द्र नै हुन् भने मानिस बसोबास गर्ने ठाउँमा यस्तो कार्यका लागि नगरपालिकाले अनुमति दिएको हो वा होइन ? यदि यो प्रक्रिया कानुनी छैन वा यसले जनस्वास्थ्यमा असर पारिरहेको छ भने सरोकारवाला निकायले यस्ता कार्यलाई अविलम्ब हटाउने वा व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याउनु आवश्यक देखिन्छ ।

हामी स्थानीय बासिन्दाहरूले पनि सार्वजनिक सम्पत्तिप्रति आफ्नो दायित्व भुल्न नहुने हो । 'यो नगरपालिकाको सम्पत्ति हो, उनीहरूले नै बनाइहाल्छन् नि' भन्ने सोचले गर्दा सार्वजनिक सम्पत्तिको संरक्षणमा कमजोरी देखिन्छ । सार्वजनिक सम्पत्ति भनेको हामी सबैको साझा सम्पत्ति हो भन्ने चेतना हामीमा हुनु जरुरी छ । यस विकासलाई दीर्घकालीन रूपमा सुन्दर र सुरक्षित बनाइराख्न नगरपालिकाको तर्फबाट पनि थप अभिभावकत्वको अपेक्षा हामीले गरेका छौँ । आशा छ, सम्बन्धित निकायले समस्याहरूलाई गम्भीरतापूर्वक लिँदै, निर्माण मात्र होइन, संरक्षण र व्यवस्थापनलाई पनि विकासको अभिन्न अङ्ग मान्दै हाम्रो क्षेत्रलाई थप व्यवस्थित र स्वस्थ बनाउन पहल गर्नेछ ।

***- एक सचेत स्थानीय बासिन्दा, भक्तपुर***

# एरिक हब्सबाम : एक जनपक्षधर इतिहासकार

✍ लालबहादुर वर्मा

कोही व्यक्तिले ९४ वर्षको उमेरमा 'दुनियाँ कसरी बदल्ने' (हाउ टु चेन्ज द वर्ल्ड) नामक पुस्तक लेख्छ र सम्पूर्ण विश्वले त्यस पुस्तकलाई अपरिहार्य ठहर गर्छ भने, त्यसमा यतिखेर मोहभङ्गको शृङ्खला चलिरहेको मार्क्सवादको सान्दर्भिकतामाथि जोड दिइएको नै किन नहोस्, त्यो व्यक्ति निःसन्देह असाधारण प्रतिभा, गहिरो बौद्धिक क्षमता र व्यापक सामाजिक सरोकार भएको मानिस हुनुपर्छ। एरिक हब्सबाम त्यस्तै व्यक्तित्व थिए, जसलाई विश्वकै अद्वितीय इतिहासकार भन्न सकिन्छ। मार्क्सवादप्रतिको उनको निष्ठा जीवनको अन्तिम कालखण्डसम्म रहिरह्यो। यद्यपि, उनी कहिल्यै पनि जडसूत्रवादी रहेनन् र पार्टीहरू एवं तिनका कार्यक्रमहरूको आलोचना गरिनै रहे। उनको वस्तुनिष्ठताको प्रशंसा वामविरोधी इसायाह बर्लिनजस्ता प्रखर समकालीन विचारकहरूले समेत गर्दथे।

सुनील खिलनानीका अनुसार, एरिक राष्ट्रहरू, साम्राज्यहरू, विचारधाराहरू र आदर्शहरूको उत्थान तथा पतनका प्रत्यक्षदर्शी साक्षी थिए। उनी इतिहासलाई बाँच्ने मात्र गर्दैनथे, लाग्थ्यो उनी सपना पनि इतिहासकै देख्ने गर्थे।

१७ जून, १९१७ अर्थात् रूसी क्रान्तिको वर्ष, एरिकको जन्म एक जर्मनभाषी आमाको कोखबाट भएको थियो र उनको बाल्यकाल अस्ट्रियामा बितेको थियो। तर, इङ्ग्ल्यान्डमा अध्ययन गर्ने क्रममा उनले अङ्ग्रेजी भाषा मात्र होइन, ज्ञानका विविध शाखाहरूमा यसरी आफ्नो बलियो पकड बनाए कि क्याम्ब्रिज विश्वविद्यालयमा 'एरिकलाई थाहा नभएको के नै छ र !' भन्ने ख्याति फैलियो।

उनका हजुरबुबा पोल्यान्डबाट आएर इङ्ग्ल्यान्डमा बसोबास गरेका थिए र यस यहुदी परिवारमा यहुदीहरूको त्यो विशिष्ट गुण प्रचुर मात्रामा थियो, जसअनुसार उनीहरू आफ्नो यहुदी पहिचानको पूर्ण रक्षा गर्दै जुन देशमा बस्छन्, संवेगात्मक रूपमा पूर्णतः त्यहीँकै भएर समाहित हुन्छन्। स्पष्ट छ, यस परिवारले इङ्ग्ल्यान्डको निष्ठापूर्वक सेवा गर्‍यो। एरिकको जन्म इजिप्टको अलेक्जान्ड्रिया सहरमा भएको थियो भने हिटलरको बढ्दो प्रभावका बिच अस्ट्रियामा उनको पालनपोषण भयो। समग्रमा भन्नुपर्दा, उनको मानसपटलमा बृहत् इतिहास र मार्क्सवादको जग बाल्यकालमै बसिसकेको थियो। मातापिताको असामयिक निधनले गर्दा उनी आफ्ना काकामाथि निर्भर हुन पुगे, जो बर्लिनमा कार्यरत थिए। हिटलर सत्तासीन भएको घटनालाई एरिकले निकै नजिकबाट नियालेका थिए। तत्पश्चात्, त्यही वर्ष उनका काकालाई इङ्ग्ल्यान्ड पठाइयो र यसरी एरिकको ब्रिटिस बन्ने प्रक्रियाको आरम्भ भयो।


त्यही समयमा उनी ज्याज सङ्गीत, विशेषगरी ड्युक एलिङ्टनको ब्यान्ड सुनेर मन्त्रमुग्ध भए र यस सङ्गीतसँग उनको जीवनभरको नाता जोडियो। यस विधामा उनी यसरी भिजिसकेका थिए कि वर्षौंसम्म ज्याज सङ्गीतको समीक्षा लेखिरहे र पेङ्ग्विन प्रकाशनले उनको यस साङ्गीतिक चेतमाथि एउटा पुस्तक नै प्रकाशित गरिदियो, जुन उनको व्यक्तित्वको मानवीय र कलात्मक पक्षलाई उजागर गर्न आज पनि उत्तिकै सान्दर्भिक छ।

विश्वविद्यालयको अध्ययनका क्रममा उनले पुँजीवादको ठुलो सङ्कट 'महामन्दी' (द ग्रेट डिप्रेसन) लाई नजिकबाट नियालेर बुझे र पुँजीवादको विकल्पका रूपमा समाजवादप्रतिको उनको विश्वास अझ प्रगाढ बन्यो। जब द्वितीय विश्वयुद्ध सुरु भयो, उनी बाइस वर्षका एक प्रबुद्ध युवा थिए। अन्य युवाहरू जस्तै उनले पनि युद्ध सेवाका लागि आफ्नो नाम दर्ता गराए र रक्षा विभागमा सैनिकहरूका बिचमा रहेर काम गर्ने अवसर पाए। त्यस अवधिमा उनले बेलायतका विपन्न जनतालाई निकै नजिकबाट हेर्ने मौका पाए र उनीहरूप्रति एरिकको मनमा जीवनभर रहने एउटा गहिरो आत्मीय सरोकार जागृत भयो।

युद्धको समाप्तिपछि एरिकले 'फेबियन्स' अर्थात् सुधारवादी समाजवादमाथि अनुसन्धान सुरु गरे र वामपन्थी विचार एवं राजनीतिसँग उनको सम्बन्ध थप सुदृढ हुँदै गयो। द्वितीय विश्वयुद्धपछि चलेको शीतयुद्धको कालखण्डमा, एरिक घोषित रूपमै कम्युनिस्ट भएका कारण क्याम्ब्रिज विश्वविद्यालयमा उनको मनपर्ने प्राध्यापनको जागिर पाउन बाधा पुगिरह्यो। यसै कारणले गर्दा उनी कैयौँ वर्षसम्म अन्य शिक्षण संस्थाहरूमा पढाउन बाध्य भए।

हब्सबामको पहिलो पुस्तक एउटा सम्पादित कृति थियो- 'लेबर्स टर्निङ प्वाइन्ट' (१९४८)। यस पुस्तकमा कम्युनिस्ट पार्टीको स्पष्ट छाप देखिन्थ्यो। तर, सन् १९५६ मा एउटा ठुलो भुइँचालो गयो। सोभियत सङ्घको सरकारले हङ्गेरीमा आफ्नो अनुकूलको सरकार टिकाउने स्वार्थमा सैन्य हस्तक्षेप गरिदियो। यस घटनाले गर्दा विश्वभरका कम्युनिस्टहरूको आलोचना हुन थाल्यो र स्वयम् विचारशील कम्युनिस्टहरूभित्र एक किसिमको अन्तर्मन्थन सुरु भयो। प्रख्यात इतिहासकार क्रिस्टोफर हिलजस्ता धेरै व्यक्तित्वहरूले पार्टीसँगको नाता तोडे। एरिक हब्सबामले पनि सोभियत सङ्घको त्यस सैन्य हस्तक्षेपको कडा आलोचना गरे, तर कम्युनिस्ट पार्टी भने परित्याग गरेनन्। यो चरित्र उनले जीवनभर कायम राखे। उनी पटक-पटक पार्टीका नीतिहरूसँग असन्तुष्ट त हुन्थे, तर उनले पार्टीसँगको आफ्नो सम्बन्ध कहिल्यै विच्छेद गरेनन्। फलस्वरूप, अन्तर्राष्ट्रिय जगतमा उनको छवि एउटा स्वतन्त्र चेत भएको 'कम्युनिस्ट फ्री थिङ्कर' का रूपमा स्थापित रहिरह्यो।


उनको ध्यान सामाजिक इतिहासतर्फ आकर्षित भयो र उनले 'प्रिमिटिभ रिबेल्स' मा जनप्रतिकार एवं प्रतिरोधहरूको इतिहास लेख्दै विशेषगरी ग्रामीण क्षेत्रहरूको असन्तोषलाई उजागर गरे। श्रमिकहरूको भूमिकामाथि 'लेबरिङ मेन' र त्यसपछि 'वर्ल्ड्स अफ लेबर' लेखेर उनले यस क्षेत्रको यस्तो इतिहास प्रस्तुत




गरे, जुन आफैँमा असाधारण थियो।

यसैगरी, सन् १९६८ मा प्रकाशित 'इन्डस्ट्री एन्ड एम्पायर' एउटा यस्तो पुस्तक थियो, जो दशकौँसम्म लगातार छापिइरह्यो र आज पनि एउटा महत्त्वपूर्ण सन्दर्भ ग्रन्थका रूपमा रहेको छ। यस पुस्तकमा औद्योगिक क्रान्ति र औपनिवेशीकरण दुवैमा बेलायतको अग्रगामी भूमिकाको गहिरो विश्लेषण र मूल्याङ्कन गरिएको छ।

सन् १९६२ मा एरिकले आधुनिक विश्वलाई बुझ्ने एउटा बृहत् परियोजना सुरु गरे। यसै क्रममा चार पुस्तकहरूको शृङ्खलामध्ये पहिलो पुस्तक 'एज अफ रिभोल्युसन' लेखे। यस पुस्तकमा उनले औद्योगिक क्रान्तिलाई तेस्रो विश्वका लागिसमेत महत्त्वपूर्ण मानेका छन्। क्रान्तिहरूलाई युरोपमा मात्र सीमित राख्ने सङ्कुचित प्रवृत्तिबाट इतिहास लेखनलाई मुक्त गराउनु नै उनको मुख्य प्रयास थियो। यस शृङ्खलाका अन्य तीन पुस्तकहरू हुन् : 'एज अफ क्यापिटलिज्म', 'एज अफ एम्पायर' र 'एज अफ एक्स्ट्रिम्स'। यी चारै वटा पुस्तकहरू हिन्दीमा पनि उपलब्ध छन् (प्रकाशकः संवाद प्रकाशन)। उनले एक किसिमले समकालीन इतिहास पनि लेखे, किनभने अन्तिम पुस्तकमा सन् १९९१ सम्मका विस्तृत विवरणहरू समेटिएका छन्। सम्पूर्ण विश्वका असङ्ख्य तथ्यहरूलाई सन्दर्भका रूपमा जोड्दै एउटा संश्लिष्ट विश्व-परिप्रेक्ष्य प्रस्तुत गर्नु अत्यन्तै असाधारण कार्य हो, जसलाई एरिकले आफ्नो प्रखरता, सामाजिक सरोकार र अथक परिश्रमद्वारा सहजै प्रस्तुत गरिदिए। यी पुस्तकहरू प्राज्ञिक जगत्लाई मात्र लक्षित गरेर लेखिएका थिएनन्। यिनलाई उच्च स्तरका लोकप्रिय पुस्तकहरूको श्रेणीमा राख्न सकिन्छ।



कुनै जमानामा टायनबीको पुस्तक 'स्टडी अफ हिस्ट्री' लाई बुद्धिजीवीहरूका बिच 'स्टेटस सिम्बोल' (सामाजिक प्रतिष्ठाको प्रतीक) मानिन्थ्यो। आज यी चारै पुस्तकहरू जुनसुकै प्रबुद्ध व्यक्तिका लागि अपरिहार्यजस्तै बनेका छन् - एउटा 'इन्टेलेक्चुअल स्टेटस सिम्बोल' का रूपमा।

कुनै पनि इतिहासकारका लागि यति मात्र गरिदिनु पनि सन्तोषजनक उपलब्धि मानिन्थ्यो, तर उनी त बृहत्तर सामाजिक सरोकार भएका एक जीवन्त सर्जक थिए। उनले इतिहासबोधका साथ आफ्ना समकालीन समाजका विविध पक्षमाथि निरन्तर लेखहरू लेखिरहे र तिनको गहिरो प्रभाव पनि पर्‍यो। जब उनले वर्तमान श्रमिक आन्दोलन सुरुवाती दिनमा गरिएको अपेक्षाअनुरूप भूमिका खेल्न असक्षम भएको तथ्य औँल्याए, तब कम्युनिस्ट पार्टीहरूले उनीप्रति नाक खुम्चाए। बेलायतको युद्धोत्तर कालको लेबर पार्टीले उनलाई सधैँ सम्मान गर्‍यो, यद्यपि उनी त्यस पार्टीका नीतिहरूसँग सधैँ असन्तुष्ट नै रहन्थे। टोनी ब्लेयरले त आफ्नो प्रधानमन्त्रीकालमा एरिकलाई 'उनी युरोपको अन्तरात्मालाई झकझकाइरहन्छन्' भन्दै सम्मानितसमेत गरेका थिए।

उनले साधारण ठानिएका मानिसहरूभित्रको असाधारणतालाई नियाल्दै 'अनकमन पिपुल' लेखे र सन् २००२ मा प्रकाशित आफ्नो आत्मकथालाई 'इन्ट्रेस्टिङ टाइम्स' नाम दिए। सोभियत सङ्घको विघटनपछिको दुर्दशा र अमेरिकी पुँजीवादको उन्मत्त उद्घोषहरूका बिच, यदि कुनै विचारक-इतिहासकार मार्क्सवादप्रति पूर्ण आस्था राख्दै आफ्नो समयलाई 'चाखलाग्दो' (इन्ट्रेस्टिङ) भन्छ भने, उनको त्यो अदम्य आशावादिताले पाठकमा एक सङ्क्रामक उत्साह पैदा गर्दछ। नब्बे वर्षको उमेरमा उनले 'ग्लोबलाइजेसन : डेमोक्रेसी एन्ड टेररिज्म' लेखेर आफू समकालीन समस्याहरूमाथि अझै पनि तीक्ष्ण नजर राखिरहेको कुरा प्रमाणित गरे।

उनलाई शारीरिक र मानसिक रूपमा चुस्त राख्न उनकी दोस्रो पत्नी म्यारलिनको विशेष योगदान थियो। उनी एरिककी एउटा असाधारण मित्र र सहयोगी मात्र थिइनन्, बरु उनको जीवन्त रुचिलाई पनि राम्रोसँग बुझ्दथिन्। जीवनको भरपूर आनन्द लिने एरिकका लागि स्वादिष्ट र सुपाच्य भोजन बनाउनमा पनि उनलाई महारत हासिल थियो। त्यसैले त उनी ९३ वर्षको उमेरमा पनि निरन्तर भाषण दिन्थे, बीबीसीमा कार्यक्रम प्रस्तुत गर्थे र विश्वविख्यात 'हे लिटरेरी फेस्टिभल' को शोभा बढाउँथे। जीवनको अन्तिम दिनहरूमा उनले यस लोकप्रिय महोत्सवको अध्यक्षता समेत स्वीकार गरेका थिए।

९० वर्षको उमेरमा पनि आसपासका क्षेत्रमा भाषण दिन जानुपर्दा उनी बसकै यात्रा गर्दथे। इतिहासका तथ्यहरू त उनी विश्वभरबाट सङ्कलन गरेर आत्मसात् गर्थे नै, साथै उनी यात्रा पनि खुब गर्दथे। उनी भारत आएका मात्र थिएनन्, बरु भारतको राजनीति, विशेषगरी त्यहाँको वामपन्थी राजनीतिसँग राम्ररी परिचित थिए। उनी भारत र इरानका 'मिनिएचर पेन्टिङ' (लघुचित्र) हरू सङ्कलन गर्ने गर्थे। पछि जब ती कलाकृतिहरूको बजार अत्यधिक महँगो हुन थाल्यो, तब उनका लागि यो सौख पूरा गर्न कठिन बन्दै गयो।

अन्तमा, उनको अनुवादकका रूपमा यो स्वीकार गर्नैपर्छ कि उनको पाठको जटिलतालाई हिन्दी पाठकहरूसमक्ष उनकै शैलीमा प्रस्तुत गर्नु अन्ततः मेरा लागि असम्भव प्रायः भयो। त्यस अवस्थामा एउटै मात्र विकल्प बाँकी थियो उनको लेखनको मर्म र अन्तर्वस्तुलाई उनको सामाजिक सरोकारसहित पाठकहरूमाझ पुर्‍याउने प्रयास गर्नु र मैले त्यही नै गरेँ। उनको एउटै अनुच्छेद भित्रका वाक्यहरूले अनेकौँ सन्दर्भहरूलाई समेट्दै साहित्य र सिर्जनशीलताको आनन्द प्रदान गर्छन्। तिनलाई खण्डित गरेर छुट्टाछुट्टै वाक्यका रूपमा प्रस्तुत गर्दा युरोपेली 'कोर्स-डिनर' को स्वाद त मिल्न सक्ला, तर भारतीय छप्पन भोगको थालीजस्तो तृप्ति मिल्दैन। तर, हुनसक्छ भविष्यमा कसैले त्यो काम गर्न सकोस्, जुन गर्नमा म अक्षम साबित भएँ।

अन्तमा, एरिकको योगदानको मूल्याङ्कन गर्नुअघि सरसरी रूपमा उनको सम्पूर्ण लेखनको सारतत्वमाथि दृष्टिपात गर्ने हो भने निष्कर्ष निकाल्न सहज हुनेछ।

१. औद्योगिक क्रान्तिलाई क्रान्ति त भनिन्थ्यो, तर एरिकले नै 'एज अफ रिभोल्युसन' मा फ्रान्सको राज्यक्रान्ति र औद्योगिक क्रान्तिलाई एउटै धरातलमा राखेर त्यस कालखण्डलाई एउटा विशिष्ट पहिचान मात्र दिएनन्, बरु क्रान्तिको विमर्शलाई समेत व्यापकता दिए।

२. एरिकले सामाजिक लूटपाट (सोसल ब्यान्डिट्री) लाई रेखाङ्कित गर्दै यसलाई एउटा प्रभावकारी सामाजिक परिघटनाका रूपमा व्याख्या गरे।

३. उनले इतिहासमा काल-विभाजनलाई वर्ष, दशक वा शताब्दीको परम्परागत एकाइमा मात्र हेर्ने निरर्थकतालाई 'लामो उन्नाइसौँ शताब्दी' (लांग नाइनटिइन्थ सेन्चुरी) को अवधारणाद्वारा स्पष्ट पारे। उनले देखाए कि जुन परिघटनाहरू सन् १७८९ को फ्रान्सेली क्रान्तिबाट सुरु भएका थिए, ती प्रथम विश्वयुद्धको आरम्भ (१९१४) सम्म निरन्तर चलिरहे। यस प्रकार, ऐतिहासिक अर्थमा उन्नाइसौँ शताब्दी १२५ वर्षको थियो।

४. जुनसुकै संवेदनशील प्राणी पनि आजको समाजको बर्बरताबाट दुःखी हुन्छ। एरिकले आधुनिक कालमा बर्बरतालाई एउटा ऐतिहासिक तथ्यका रूपमा चिनाउँदै त्यसको अन्तर्निहित अर्थ उजागर गरे। कता न कता यो नृशंसता पुँजीवादसँगै जोडिएको छ।

५. आधुनिक सङ्गीतमा 'ज्याज' एउटा नयाँ र संवेगमयी विधा हो। यसको आवेग र गहनताको विश्वव्यापी स्वीकार्यताले सङ्गीतको सार्वभौमिकतालाई प्रमाणित गरेको छ। एरिक त्यस सङ्गीतका असाधारण प्रशंसक मात्र थिएनन्, बरु एक आधिकारिक समीक्षक पनि थिए। उनले वर्षौंसम्म त्यसमाथि स्तम्भ लेखे र अन्ततः ज्याजमाथिको उनको पुस्तक संसारभरि नै प्रशंसित भयो।

६. इतिहासकारका रूपमा उनलाई श्रम, श्रमिक र श्रम-आन्दोलनले सुरुवाती दिनहरूमा आकर्षित गरेको थियो। उनले यसको विस्तृत अध्ययन गरे र यसको राजनीतिक विमर्शको विश्लेषण गरे। अन्ततः, उनी यस निष्कर्षमा पुगे कि २१ औँ शताब्दीको प्रारम्भसम्म आइपुग्दा श्रमिक आन्दोलनले त्यो भूमिका निर्वाह गर्न सकेन, जसको उनीबाट अपेक्षा गरिएको थियो।

७. अराजकतावाद र साम्यवादको विकास सँगसँगै भएको थियो र एक समय मार्क्स स्वयम् पनि अराजकतावादप्रति आकर्षित भएका थिए। तर, पछि गएर सिद्धान्त र व्यवहारमा दूरी बढ्दै गयो। आजभोलि त कम्युनिस्ट आन्दोलनहरूको असफलता र विघटनपछि अराजकतावाद पुनः चर्चामा आउन थालेको छ। एरिकले आफ्नो साम्यवादी पूर्वाग्रह (झुकाव) का बाबजुद यी दुवै विमर्शको तुलनात्मक अध्ययन गरे।

८. उनी हङ्गेरीमा भएको सोभियत हस्तक्षेपबाट निकै दुखी भएका थिए। तर, उनले अन्य नेता वा बुद्धिजीवीहरूले जस्तो पार्टी परित्याग गरेनन्। त्यसको १० वर्षपछि जब चेकोस्लोभाकियामा 'वसन्त विद्रोह' (प्राग स्प्रिङ) भयो र त्यहाँ पुनः सोभियत सङ्घले सैन्य हस्तक्षेप गर्‍यो, तब यसपटक भने एरिकले औपचारिक रूपमै त्यसको विरोध गरे। तैपनि, बेलायती (ब्रिटिस) कम्युनिस्ट पार्टीको अन्त्य नहुन्जेल उनले पार्टी छोडेनन्। उनको सबैभन्दा बढी आलोचना पनि यही कारणले गर्दा भएको हो।

यस विहंगम सिंहावलोकन पश्चात् अब मूल्याङ्कनको प्रयास गर्न सकिन्छ। सन् २००२ मा दक्षिणपन्थी झुकाव राख्ने पत्रिका 'स्पेक्टेटर' ले लेखेको थियो- एरिकलाई ग्रेट ब्रिटेनको मात्र नभएर संसारकै सबैभन्दा महान् जीवित इतिहासकार भन्न सकिन्छ। अर्कोतर्फ, सोभियत सङ्घका मामिलाका विशेषज्ञ (क्रेमलिनोलोजिस्ट) रोबर्ट कन्क्वेस्टका अनुसार, उनी सोभियत सङ्घको वास्तविक परिस्थितिलाई नमान्ने पूर्वाग्रहबाट ग्रस्त छन् (म्यासिभ रियालिटी डिनायल)। टोनी जुडको धारणा निकै स्पष्ट छ, 'एरिक अरूले भन्दा राम्रोसँग बुझ्छन् र उत्कृष्ट लेख्छन्। यदि उनी जीवनभर कम्युनिस्ट पार्टीको सदस्य नबनेका भए, सम्भवतः उनी बीसौँ शताब्दीका सबैभन्दा महान् इतिहासकार मानिने थिए।' तर, आफ्नो आत्मकथामा एरिकले प्रस्ट रूपमा भनेका थिए, 'म ऐतिहासिक चेत चाहन्छु- सहमति, पुष्टि वा सहानुभूति होइन।' वस्तुनिष्ठता र वैचारिक प्रतिबद्धता बिचको द्वन्द्व अक्सर उजागर भइरहन्थ्यो, तर त्यो केवल कम्युनिस्टहरूको सन्दर्भमा मात्र देखिन्थ्यो। 'गार्जियन' का सम्पादक मिलि ब्यान्डको मूल्याङ्कनलाई कसले नकार्न सक्छ र- 'एरिकले इतिहासलाई आइवरी टावरबाट बाहिर निकालेर सर्वसाधारण मानिसहरूको जीवनको धरातलमा ल्याएर उभ्याइदिए।'

***साभार : 'कथांतर' बाट अनुदित।***
***- 'दायित्वबोध डटकम' बाट***

# कङ्गोमा इबोलाको सङ्क्रमण समुदायस्तरमै फैलिँदै, हालसम्म ४९२ को मृत्यु




किन्शासा, ५ जुलाई (सिन्हवा)। 'डेमोक्रेटिक रिपब्लिक अफ द कङ्गो' मा इबोलाको पछिल्लो प्रकोप समुदायस्तरमा फैलिने क्रम जारी रहँदा सङ्क्रमितको सङ्ख्या एक हजार ५२८ पुगेको छ भने मृतकको सङ्ख्या ४९२ पुगेको छ।

कङ्गोका जनस्वास्थ्य अधिकारीले शनिबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार हालसम्म २३९ जना सङ्क्रमित निको भएका छन् भने ६२८ जना आइसोलेसन केन्द्र वा अस्पतालमा उपचाररत छन्। यसका साथै १८५ जना शङ्कास्पद बिरामीको पनि पहिचान गरिएको छ।

प्रतिवेदनमा पछिल्ला सातामा नयाँ सङ्क्रमितको सङ्ख्या निरन्तर बढ्दै गएको उल्लेख गरिएको छ। महामारीको गणनाअनुसार २५ औँ र २६ औँ सातामा प्रत्येक सातामा ३०० भन्दाबढी नयाँ सङ्क्रमण पुष्टि भएको जनाइएको छ। यसले समुदायस्तरमा सङ्क्रमण अझै सक्रिय रूपमा फैलिरहेको सङ्केत गरेको अधिकारीले बताएका छन्।

प्रतिवेदनमा मृत्युपश्चात् नमुना सङ्कलनमा समुदायको असहयोग तथा विशेषगरी उत्तर किभुमा रहेका इबोला उपचार केन्द्रको सीमित क्षमतालगायतका चुनौती उल्लेख गरिएको छ। सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिको प्रभावकारी खोजी गर्न नसकिएको अवस्था र प्रयोगशाला परीक्षणमा हुने ढिलाइले पनि सङ्क्रमण नियन्त्रणमा कठिनाइ उत्पन्न गरेको जनाइएको छ। साथै, औषधि तथा सङ्क्रमण नियन्त्रणसम्बन्धी सामग्रीको अभाव, असुरक्षा र प्रभावित केही क्षेत्रमा सीमित पहुँचका कारण महामारी नियन्त्रण प्रयास प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ।

विश्व स्वास्थ्य सङ्गठनले बिहीबार जनाएअनुसार 'बुन्डिबुग्यो' भाइरसबाट हुने इबोलाको सम्भावित उपचारको प्रभावकारिता मूल्याङ्कन गर्न कङ्गोमा क्लिनिकल परीक्षण सुरु गरिएको छ। उक्त भाइरसका कारण हुने इबोलाका लागि हालसम्म कुनै स्वीकृत खोप वा विशिष्ट उपचार उपलब्ध छैन।

# ऊर्जा सङ्कटपछि भारतले तेल अन्वेषण विस्तार गर्ने

नयाँदिल्ली, ५ जुलाई (एएफपी)। मध्यपूर्वमा भएको युद्धका कारण ऊर्जा आपूर्तिमा आएको अवरोधपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ।

भारतका पेट्रोलियम तथा प्राकृतिक ग्याममन्त्री हर्दिपसिंह पुरीले ऊर्जा सङ्कटले स्वदेशी स्रोतको विकासलाई प्राथमिकता दिन नयाँ प्रेरणा दिएको बताउनुभएको छ।

विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपीजी आयातकर्ता भारतले अमेरिका-इरान द्वन्द्वका क्रममा 'स्टेट अफ हर्मुज' मा लगाइएका प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा अवरोधको सामना गरेको थियो। अमेरिका र इरानबिच युद्ध रोक्ने अस्थायी सहमतिपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुन: सुरु भएको छ भने बजारमा मूल्य स्थिर हुन थालेको छ।

मन्त्री पुरीका अनुसार भारतले हालसम्म अन्वेषण नगरिएका करिब दुई लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल तथा ग्यास अन्वेषणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ।

भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५/२६ मा स्वदेशी कच्चा तेल उत्पादन दुई करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो। यो उत्पादनले भारतको कुल कच्चा तेल आवश्यकताको करिब १० प्रतिशत मात्र पूरा गर्छ।

ऊर्जा आपूर्तिको विविधिकरणका लागि भारतले कच्चा तेल आयात गर्ने देशको सङ्ख्या २७ बाट बढाएर ४१ पुऱ्याएको छ। यस क्रममा इरान, भेनेजुएला, रुस तथा विभिन्न अफ्रिकी मुलुकबाट पनि आयात बढाइएको छ।

रुसी तेल खरिदका विषयमा अमेरिका र युरोपबाट आलोचना भए पनि मन्त्री पुरीले भारतले वैचारिक दृष्टिकोणभन्दा आफ्ना ऊर्जा आवश्यकतालाई प्राथमिकता दिएको बताउनुभएको छ।

भारतको स्वदेशी कच्चा तेल उत्पादन मुख्यत: मुम्बईको अपतटीय क्षेत्र, राजस्थान, गुजरात तथा आसाममा केन्द्रित छ। मन्त्री पुरीले अन्डमान तथा निकोबार द्वीप आसपासको समुद्री क्षेत्रलाई ऊर्जा सम्भावनाले भरिएको क्षेत्रका रूपमा उल्लेख गर्दै त्यहाँ गहिरो समुद्री क्षेत्रमा अन्वेषणलाई तीव्र पारिने बताउनुभयो।

उहाँका अनुसार भारतले गहिरो समुद्री अन्वेषणका लागि पेट्रोब्रास, टोटलएनर्जीज, बीपी, शेल तथा एक्सनमोबिलजस्ता अन्तर्राष्ट्रिय कम्पनीसँग सहकार्य गरिरहेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ मा 'समुद्र मन्थन' अभियान घोषणा गर्दै समुद्रमुनिको तेल तथा ग्यास भण्डारको खोजीलाई राष्ट्रिय प्राथमिकतामा राख्नुभएको थियो।

सरकारले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने लक्ष्य राखे पनि तीव्र आर्थिक वृद्धि र बढ्दो ऊर्जा मागका कारण तेलको खपत निरन्तर बढिरहेको छ। भारतले नवीकरणीय ऊर्जा, आणविक ऊर्जा तथा इथानोल मिश्रित इन्धनको प्रयोग विस्तार गर्दै ऊर्जा स्रोतको विविधीकरणमा पनि लगानी बढाइरहेको छ।

मन्त्री पुरीले भारतको ऊर्जा खपत सन् २०२१ मा दैनिक ५० लाख ब्यारेलबाट बढेर हाल करिब ५६ लाख ब्यारेल पुगेको र निकट भविष्यमै दैनिक ६० लाख ब्यारेल पुग्ने अनुमान गरिएको बताउनुभयो। उहाँले करिब १० अर्ब अमेरिकी डलरको लगानीमार्फत तेल तथा ग्यास अन्वेषणलाई तीव्र बनाइने र अहिलेसम्म अन्वेषण नगरिएको करिब १० लाख वर्ग किलोमिटर क्षेत्रमा पनि अध्ययन अघि बढाइने जानकारी दिनुभयो।

# सीमा बन्द र मध्यपूर्व तनावले अफगानिस्तानको अटो व्यापार प्रभावित

स्पिन बोल्दाक, ५ जुलाई (एएफपी)। अफगानिस्तानको दक्षिणी सीमावर्ती व्यापारिक केन्द्रस्पिन बोल्दाकमा गाडीका पार्टपुर्जा आयात-व्यापार क्षेत्रीय द्वन्द्वका कारण ठप्प भएको छ। कन्दाहार प्रान्तमा लामो समयदेखि फस्टाउँदै आएको यो व्यापार पाकिस्तानसँगको सीमा बन्द र मध्यपूर्वको तनावले गम्भीर रूपमा प्रभावित भएको हो।

पाकिस्तानसँगको सीमापार हिंसापछि अक्टोबरदेखि सीमा लगभग पूर्ण रूपमा बन्द हुँदा आयात मार्ग अवरुद्ध भएको थियो। विकल्पका रूपमा इरानको बन्दर अब्बास हुँदै तथा संयुक्त अरब इमिरेट्समार्फत ढुवानी गरिए पनि पछिल्लो मध्यपूर्व युद्धपछि ती मार्ग पनि प्रभावित भएका छन्।

व्यवसायीका अनुसार जापानलगायत देशबाट आउने पार्टपुर्जा पहिले पाकिस्तान हुँदै स्पिन बोल्दाक पुग्थे, जहाँ गाडी एसेम्बल तथा मर्मतकार्य हुन्थ्यो। तर, अहिले ढुवानी लागत अत्यधिक बढेको र आपूर्ति शृङ्खला अवरुद्ध भएको छ।

व्यवसायी भन्छन्, मध्यपूर्वमा तनाव बढेपछि इरान वरपरको व्यापार मार्ग तथा 'स्ट्रेट अफ होर्मुज' हुँदै हुने ढुवानी पनि प्रभावित भएको छ, जसले सङ्कट अझ गहिरो बनाएको छ।

ढुवानी कम्पनीका अनुसार युएइको प्रमुख व्यापारिक केन्द्र जेबेल अली बन्दरगाहमा ढिलाइ बढ्दै गएको छ। यसका कारण जापान र युएइबिचको नियमित आपूर्ति प्रणालीसमेत प्रभावित भई अवरुद्ध भएको छ।

स्थानीय व्यवसायीका अनुसार कन्टेनर लागत दुई हजार अमेरिकी डलरबाट बढेर आठहजार डलरसम्म पुगेको छ भने धेरै कन्टेनर युएइ र जापानमै अड्किएका छन्।

विश्व बैङ्कले अफगानिस्तानलाई बाह्य आर्थिक झट्काको उच्च जोखिममा रहेको देश भन्दै आयात-निर्यात असन्तुलन बढ्दै गएको चेतावनी दिएको छ।

स्पिन बोल्दाक बजारमा काम गर्ने हजारौँ मजदुर र व्यापारी प्रभावित भएका छन्। कार निर्माण, मर्मत र बिक्रीसम्बन्धी गतिविधि रोकिएपछि धेरैले रोजगारी गुम्ने जोखिम सामना गरिरहेका छन्। व्यवसायीले क्षेत्रीय तनाव समाधान भई अन्तर्राष्ट्रिय जलमार्ग र सीमा मार्ग पुन: खुल्ने आशा व्यक्त गरेका छन्।

## विश्व सङ्क्षेप

# चीन-रुसद्वारा संयुक्त नौ सैनिक अभ्यास र सामुद्रिक गस्ती

बेइजिङ, २१ असार (सिन्हवा)। चीन र रुसले यसै महिनादेखि संयुक्त नौ सैनिक अभ्यास तथा सामुद्रिक गस्ती सञ्चालन गर्ने भएका छन्।

चीनको राष्ट्रिय रक्षा मन्त्रालयले आइतबार जनाएअनुसार, दुवै देशका नौ सैनिक बलले चीनको पूर्वीशानडोङ प्रान्तस्थित छिङदाओ बन्दरगाह सहर नजिकको जलक्षेत्र तथा आकाशमा 'जोइन्ट सी-२०२६' नामक संयुक्त नौसैनिक अभ्यास गर्नेछन्।

विज्ञप्तिअनुसार, अभ्यास सम्पन्न भएपछि दुवै पक्षका केही नौ सैनिक इकाइले प्रशान्त महासागरका सम्बन्धित क्षेत्रमा संयुक्त सामुद्रिक गस्ती पनि सञ्चालन गर्नेछन्।

मन्त्रालयले यस अभ्यासलाई दुई देशबिचको वार्षिक सैन्य सहयोग योजनाको हिस्सा बताउँदै यसले सुरक्षा चुनौतीको सामना गर्न तथा क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न योगदान पुर्‍याउने जनाएको छ।

# मालदिभ्सको पर्यटन क्षेत्रमा जलक्रिडा व्यवसायको उछाल

माले, ५ जुलाई (सिन्हवा)। मालदिभ्सको पर्यटन क्षेत्रमा जलक्रिडा व्यावसायको राजस्वमा उल्लेख्य वृद्धि भएको छ। पछिल्लो प्रतिवेदन अवधिमा यस क्षेत्रको राजस्व ४७ दशमलव सात प्रतिशतले बढेको मालदिभ्सको सरकारी सञ्चारमाध्यम 'पीएसएम न्यूज' ले जनाएको छ।

मालदिभ्सको आन्तरिक राजस्व प्राधिकरणको तथ्याङ्क उद्धृत गर्दै पीएसएम न्युजले डिसेम्बर २०२५ देखि फेब्रुअरी २०२६ सम्मको अवधिमा समग्र पर्यटन क्षेत्रले ४४७ मिलियन अमेरिकी डलर बराबरको 'आउटपुट कर' सङ्कलन गरेको जनाएको छ। यो अघिल्लो वर्षको सोही अवधिको ३७१ मिलियन डलरको तुलनामा २० दशमलव पाँच प्रतिशतले बढी हो।

प्रतिवेदनअनुसार जलक्रिडा व्यावसायको राजस्व अघिल्लो वर्षको २१ दशमलव ६८ मिलियन डलरबाट बढेर ३२ दशमलव ०३ मिलियन डलर पुगेको छ, जसले यो क्षेत्रलाई पर्यटन उद्योगको सबैभन्दा तीव्र गतिमा बढिरहेको उपक्षेत्र बनाएको छ।

यसैगरी, वाटर स्पोर्ट्स सेन्टरको राजस्व ४९ दशमलव २० प्रतिशतले वृद्धि भई आठ दशमलव दुई मिलियन डलरबाट १२ दशमलव ३७ मिलियन डलर पुगेको छ। होमस्टे तथा गेस्टहाउसले पनि ६० दशमलव आठ प्रतिशतको वृद्धि दर्ता गरेका छन्, यद्यपि समग्र पर्यटन बजारमा तिनको योगदान तुलनात्मक रूपमा सानो रहेको प्रतिवेदनमा उल्लेख छ।

पर्यटन राजस्वको सबैभन्दा ठूलो हिस्सा ओगट्ने रिसोर्टको आयमा भने २१ प्रतिशतले वृद्धि भएको छ।

पीएसएम न्युजका अनुसार उक्त अवधिमा मालदिभ्समा आउने पर्यटकको कुल सङ्ख्यामा ११ दशमलव छ प्रतिशतले वृद्धि भएको छ, जसले पर्यटन क्षेत्रको समग्र वृद्धिमा योगदान पुऱ्याएको छ।

# हुथी विद्रोहीको आक्रमणमा १४ यमनी सैनिकको मृत्यु

एडेन, २१ असार (एएफपी)। यमनको इरान समर्थित हुथी विद्रोहीहरूले लाल सागर (रेड सी) को तटीय क्षेत्रमा रहेको होडैडा बन्दरगाह नजिकै गरेको आक्रमणमा १४ सैनिक मारिएका छन्। अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारसँग निकट सैन्य अधिकारीले आइतबार घटनाको पुष्टि गरेका छन्।

सरकार समर्थक फौजले होडैडाको दक्षिणको हेय्स जिल्लामा शनिबार बिहानको समयमा 'केही घण्टासम्म चलेको झडप' पछि आक्रमणलाई साम्य पार्न सफल भएको त्यहाँको प्रशासनले जनाएको छ।

विरोधी पक्षमा कति मारिए भन्ने सङ्ख्या नखुलाइकन लडाइँमा हुथी समूहतर्फ पनि हताहत भएको सरकारी अधिकारीले बताएका छन्।

हुथी विद्रोहीहरू सन् २०१५ देखि सरकारसँग युद्धमा छन्। यो द्वन्द्वले लाखौँ मानिसको ज्यान लिएको छ र यमनमा ठूलो मानवीय सङ्कट निम्त्याएको छ।

विद्रोहीहरूले यमनको राजधानी सानालगायत उत्तरको ठूलो भाग र पश्चिमी रेड सी तटमा रहेको होडैडा नियन्त्रणमा राखेका छन् भने अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारले दक्षिणको ठूलो भागमा शासन गर्दै आएको छ।

दुवै पक्षबिचको लडाइं सन् २०२२ मा संयुक्त राष्ट्रसङ्घले मध्यस्थता गरेको युद्धविरामपछि ठूलो रूपमा रोकिएको थियो।

शुक्रबार हुथी विद्रोहीहरूले एक्कासी साउदी अरबका विमानस्थल र महत्त्वपूर्ण सम्पत्तिहरूलाई लक्षित गर्ने चेतावनी दिएका थिए। साउदी अरब यमनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारको प्रमुख समर्थक हो। सन् २०१५ पछि हुथी समूहले सानालगायत देशको ठूलो भाग कब्जा गरी सत्ता कब्जा गर्न थालेपछि साउदी अरब नेतृत्वको सैन्य गठबन्धनले यमनमा हुथीविरुद्धको लडाइँमा सहयोग पुऱ्याएको थियो।

इरानको 'प्रतिरोधको एकाइ' को भाग मानिने यो विद्रोही समूह इजराइल र अमेरिकाविरुद्ध इरानको पक्षमा छ। उनीहरूले साउदी अरबले एउटा इरानी विमान अवतरण गर्न रोक्न खोजेको आरोप लगाएका छन्।

वडाध्यक्षको डायरीबाट

# काम गरेपछि गल्ती हुनु स्वाभाविक हो

कुशल

रातको समय थियो । करिब रातको एघार बजिसकेको थियो । म मोबाइलमा समाचार सुन्दै भोलिको लागि कार्यतालिका बनाउँदै थिएँ । मोबाइलमा एक जना साथीको लगातार फोन आयो । उनी एक ठेकेदारका कर्मचारी थिए । उनको नाम हरि पौडेल (नाम परिवर्तित) हो । आफ्नो वडामा प्रदेश सरकारले बाटो चौडा र स्तरोन्नतिका काम गरिरहेको थियो । वडाध्यक्षको हैसियतले आफ्नो वडा भित्रको विकास निर्माण कार्य भएको हुँदा मैले समन्वय गर्ने काम गरिरहेको थिएँ । यो मेरो नैतिक तथा पदीय दायित्वभित्र पर्दछ । यसरी बाटोको स्तरोन्नति भएको करिब छ महिना भइसकेको थियो । अचानक कर्मचारी साथीको फोन आइरहेको हुँदा पक्कै निर्माणमा समस्या भयो होला भनी फोन रिसिभ गरेँ । रातमा आउने प्राय: कलदेखि म सतर्क हुन्थेँ किनकि रातमा आउने प्राय: कल नकारात्मक घटनाको हुने गर्दछ । फोन रिसिभ गर्ने बित्तिकै उहाँले भन्नुभयो, "वडाध्यक्षज्यू नमस्कार ! यतिबेला फोन गरेकोमा माइन्ड नगर्नुहोला । साऱ्है आपत् परेकोले मात्र फोन गर्दै छु । तपाईंको टोलमा भइरहेको निर्माण कार्यमा अलि समस्या आयो । हाम्रा केटाहरूले भोलिदेखि रिटेनिङ पर्खाल निर्माण गर्नको लागि ल्याएको ढुङ्गा खसाल्ने क्रममा अलि गल्ती गरेजस्तो छ । तपाईंको वडावासीको घरको मूल गेटमा नै ढुङ्गा खसालेको रहेछ । घरधनीका छोराहरूले मेरो काम गर्ने केटाहरूलाई पिट्न खोजे रे । म पनि तपाईंको टोलबाहिर छु । तत्काल आउन सम्भव छैन । तपाईं जनप्रतिनिधि भएकाले र घर पनि नजिकै भएकोले तपाईंको वडावासीलाई सम्झाउनुपऱ्यो । मेरा केटाहरूले माफी माग्दा नि भएन भन्छ । तपाईं गएर एकचोटि बुझ्नुपऱ्यो । नभए त मेरा केटाहरूले पिटाइखाने भयो । अनि ढुङ्गा खसाल्न आएका चार वटा ट्रिपरहरू पनि बाटोमै रोकेका छन् रे । तपाईं एकचोटि गइदिनुपऱ्यो ।"

विषयको गम्भीर्यतालाई ध्यान दिएर म तत्काल त्यहाँ गएँ । मेरो घरबाट जम्मा पाँच मिनेटको बाटो थियो । त्यहीं भएर म तत्काल त्यहाँ पुगेँ । त्यहा पुग्दा त चार वटा ट्रिपरलाई बाटोमै रोकिएको थियो । राति आएका दस वटा गाडी जाममा परेको थियो । जाममा परेको गाडीका प्यासेन्जरहरू कराइरहेका रहेछन् । तीन चार जना युवा केटाहरू ठेकेदार र ड्राइभरलाई गाली गर्दै रहेछन् । मैले एक साइडमा आफ्नो बाइक रोकेर के भयो भाइहरू हो, म यस वडाको वडाध्यक्ष हुँ, छलफल गरेर समस्या समाधान गरौँला भनी प्रस्ताव राखेँ । मेरो कुरा सुने बित्तिकै ती केटाहरू झन् ठुलो स्वरले कराउन थाले । एक जना केटी पनि कराउँदै थिइन् । उनीहरू म वडाध्यक्ष भन्ने थाहा पाएपछि झन्नै रिसाएर भन्न थाले, "हामीलाई वडाध्यक्ष आएर के मतलब ! ठेकेदारको पक्षमा पनि वडाध्यक्षले बोल्ने हो ? तिमीले ढुङ्गा किन मेरो घर अगाडिको ढोकामा खसाल्न दिएको ? तिमी वडाध्यक्ष भएर त्यति पनि कमनसेन्स छैन ? भोलि बिहान पाँच बजे नै अफिस जानुपर्छ । मेरो घरमा चार पाँच वटा बाइक छ । एउटा बुलेट बाइक छ । भोलि बिहान पाँच वटा मोटरसाइकल कसरी निकाल्ने ? बाटो छोड्नु पर्दैन ? ढुङ्गा झार्न लाग्दा हामी ठुलो स्वरले कराएर बाटो अगाडि नझार र अलि उता झार्नुस् भनेर भन्दा पनि नमानी बाटै अगाडि झार्नु कतिको न्याय सङ्गत हो ? हाम्रो पसल छ । भोलि पसल खोलेर व्यापार गर्नुपर्दैन ? विकास निर्माण गऱ्यो भन्दैमा हाम्रो रोजीरोटी नै खोस्ने ढङ्गले काम गर्ने ? यसरी ढुङ्गा राख्न पाइन्छ ? के तिम्रो नैतिकताले दिन्छ ? अनि वडाध्यक्ष भएर त्यही मान्छेको पक्षमा बोल्ने हो ? हामी त यो ढुङ्गा नहटाएसम्म चारवटा ट्रिपर कुनै पनि हालतमा जान दिनेछैन । जेसुकै गर्नु हामीलाई मतलब छैन । अहिल्यै डोजर ल्याएर वा हातले ढुङ्गा हटाएर बाइक जाने बाटो खोल्नुस अनि मात्र ट्रिपर जान दिने हो । होइन भन्ने यो जाम यहाँ रात भर हुन्छ । कुनै पनि गाडी जान दिने छैन । अहिले नै पन्ध वटा जति गाडी जाम भइसकेको छ । भोलि केही भयो भने वडाध्यक्षले जिम्मा लिनुपर्छ ।"

हुन पनि ट्रिपर ड्राइभरले अलि गल्ती गरेको देखियो । तर, त्यस भाइहरूका घरको बाटो पुरै बन्द थिएन । आधी बाटो खुलै थियो । अलि मेहनत गरे सजिलै बाइक लान सकिन्थ्यो । उनीहरू ड्राइभरले उनीहरूको कुरा नमानी ढुङ्गा खसालेको हुँदा रिसाएका थिए । मैले त्यहाँको वास्तविकता नियालेँ । गाडीका प्यासेन्जरहरू पनि कोही कराउन थाले । एउटा गाडीमा जन्तीका मानिसहरू थिए । उनीहरूमध्ये कोही पिएर आएका थिए । उनीहरू पनि रिसाएर ट्रिपर किन बाटोमा रोकेको भनी कराउन थाले । मैले तिनै जना भाइ र बहिनीलाई एकदम नरम भाषामा भनेँ, "तपाईंहरूको रिस पनि जायज छ । अनि माग पनि जायज छ । तपाईंको घर अगाडि बाटो नै बन्द हुने गरी ढुङ्गा खसाल्न नहुने हो । गल्ती भयो । काम गर्ने क्रममा कहिलेकाहीँ गल्ती हुन्छ । त्यसैलाई इस्यु बनाएर तिललाई पहाड बनाउनु हुँदैन । ड्राइभरको तर्फबाट म पनि तपाईंहरूसँग माफी माग्छु । यहाँ हाम्रो विवादको विषय भनेको बाटो बन्द हुने गरी ढुङ्गा खसाल्यो भन्ने हो । अनि किन हामीले यत्रो दस पन्ध वटा गाडी बिचैमा जाममा राख्ने ? तपाईंको बाटो म अहिले नै खोल्न लगाउने प्रयास गर्छु । तर, यी गाडीहरू जान दिनुस् । मैले आफै गल्ती स्वीकार गरेपछि कमसेकम तपाईंहरू पनि असम्बन्धित मान्छेलाई दु:ख दिनु हुन्न भने कुरामा सहमति गर्नुस् ।"

मेरा कुरा सुनेर उनीहरू जाम खोल्न तयार भए । त्यसपछि मैले चारवटै ट्रिपरलाई अगाडि ल्याएँ र खुला ठाउँमा राख्न लगाएँ । त्यसपछि जाम खुल्यो र अरू सबै गाडी गए । रातको समय भएकोले त्यहाँ अब पाँच छ जना मात्र मानिस बाँकी रहे । मैले ती भाइहरूलाई समस्या कसरी समाधान गर्ने भनी विचार दिन अनुरोध गरेँ ।

त्यत्तिबेलासम्ममा उहाँहरूको रिस अलि कम भइसकेको थियो । मैले उनीहरूको रिसलाई अझै कम गर्नको लागि हरि पौडेललाई कल गरेर जसरी भए पनि डोजर अहिल्यै पठाउन र ढुङ्गा हटाई दिन अनुरोध गरेँ । त्यसपछि ती भाइहरूलाई डोजर आउन अलि समय लाग्ने र अलिबेर कुर्न अनुराधे गरेँ । त्यसपछि मैले उनीहरूको घर अगाडि निर्माण कार्यबारे छलफल सुरु गरेँ ।

आफू त्यस दिन दिउँसो उनीहरूको बुबासँग बसेर घर र बाटो नाप जाँच गर्न आएको र त्यही नापअनुसार रिटेनिङ वाल बनाउन डोजरले सिमाना खनेको कुरा बताएँ । बुबाले आफूलाई धेरै सहयोग गरेको पनि बताएँ । हुन पनि दिउँसो त्यही भाइहरूको घर अगाडि नापजाँच गरेको थिएँ । साथै मापदण्डमा परे नपरेको सबै हेरेको थिएँ । मैले अरु पनि सबै यस योजनाबारे विस्तृत रूपमा आफ्नो कुरा राखेँ । त्यतिबेलासम्म उहाँहरू तीन जना शान्त हुनुभयो । एक जना भाइले मलाई भन्नुभयो, "तपाईं त मेरो शिक्षकजस्तो लाग्यो । तपाईंले मलाई म दस कक्षा हुँदा सामाजिक अध्ययन विषय पढाउनुभएको थियो । तपाईं अहिले वडाध्यक्ष हुनुभएको रहेछ । मलाई थाहा नै भएन । हामीले सरलाई धेरै नराम्रो भनेछ । हामीलाई माफ गर्नुहोला । आजलाई तपाईं घरमा जानुस् । डोजर अहिले यति राति किन बोलाउनु पऱ्यो र ! हामी जसरी नि भोलि बिहान बाइक लग्छु । बिहानै मात्र डोजर पठाएर बाटो खोलिदिनुभए पनि हुन्छ सर । तपाईंलाई यति राति दु:ख दिएकोमा माफ गर्नुहोला सर ।" उसको कुराले म उनको शिक्षक कुनै बेलाको रहेछु भन्ने ज्ञान भयो । वास्तवमा म वडाध्यक्ष हुनुअघि शिक्षक थिएँ । त्यो भाइ मेरो पूर्वविद्यार्थी होला भनी अनुमान गरेँ । तर मलाई त्यस विद्यार्थीको पहिलेको कुरा याद भएन । तर पनि मैले भनेँ, "होइन ड्राइभरले गल्ती गरेकै हो । तर पनि कामको सिलसिलामा गल्ती हुनु स्वाभाविक हो । डोजर आइपुग्नै लागेको खबर छ । आजै म बाटो खोलिदिन्छु । तपाईंहरू चिन्ता नलिनुस् । विकास निर्माणका कार्य गर्दा सकभर जनतालाई मर्का नपर्ने गरी गर्ने हो । त्यही भएर म यति राति भए पनि आएको हुँ ।" उनीहरूले भने, "होइन सर गल्ती जसको भए पनि तपाईं घर जानुस् र आराम गर्नुस् । हामी यहाँ जे भए पनि गरौँला । बरु चिया खाएर जानुस् सर । हाम्रो व्यवहारलाई माइन्ड नगरिदिनु होला ।" त्यसपछि मैले चिया खाएँ र करिब रातको एक बजे घर पुगेँ ।

घर पुग्नेबित्तिकै सुत्न खोजेँ तर निद्रा लागेन । पत्रिका पढ्न खोजेँ । तर, मलाई पढ्न मन लागेन । रातको करिब एक बजिसकेको थियो । यत्तिबेला के निद्रा लाग्नु र भनेजस्तो लाग्यो । मेरो मनमा धेरै कुरा खेल्न थाल्यो । टोलमा पनि थरीथरीको मान्छे हुँदोरहेछ । सानो गल्तीलाई पनि ठुलो बनाएर मानिसहरू कसरी पेल्दा रहेछन् । गल्ती भयो भन्दैमा रातभरि गाडी जाम गर्ने धम्की पो दिँदो रहेछ । रिस उठ्यो भन्दैमा यसरी मानिसलाई धेरै पेल्नु हुँदैन थियो । काम गर्ने सिलसिलामा धेरै थोरै गल्ती हुनु स्वाभाविक हो । तर यसरी नराम्रोसँग ड्राइभर विचरालाई गाली गर्नु हुँदैन जस्तो लाग्यो । मानिसहरू स्वार्थी हुन्छन् । आफ्नै कुरा मात्र ठीक हो भनी सोच्दो रहेछ । अरुलाई गलत सोच्दो रहेछ । तर, पनि मानिसलाई साँचो कुरा बताएपछि समस्या समाधान गर्न सकिन्छ भन्ने आत्मविश्वास ममा भयो ।

# तृणमूल काङ्ग्रेस पतनको सङ्घारमा हो ?

भारती मिश्र नाथ

मे महिनाको चुनावी उथलपुथलपछि पश्चिम बङ्गालको राजनीति दिनहुँ स्तब्ध र आश्चर्यचकित बनिरहेको छ । निर्वाचनमा भाजपाले २०८ सीटसहित ऐतिहासिक विजय हासिल गऱ्यो र तृणमूल कङ्ग्रेसको १५ वर्षे लामो शासनको अन्त्य भयो । त्यसपछि तृणमूल कङ्ग्रेस टुक्रिएको छ । जून १४ मा काकोली घोष दस्तीदारको नेतृत्वमा पार्टीका २८ लोकसभा सांसदमध्ये २० जनाले विद्रोह गरे र एनडीएलाई समर्थन गर्न एनसीपीआई (भारतीय राष्ट्रवादी नागरिक पार्टी) मा विलय गर्न खोजे । धेरै राज्यसभा सदस्यहरूले पनि तृणमूलबाट राजीनामा दिएका छन् । यसअघि विधानसभा निर्वाचनको नतिजा सार्वजनिक भएपछि पार्टीका ८० विधायकहरूमध्ये लगभग ५८ देखि ६० जनाले निष्कासित नेता ऋतव्रत बनर्जीलाई समर्थन गर्दै विधानसभा अध्यक्षलाई पत्र बुझाएका थिए । विवरणले सुझाव दिन्छ कि १०० भन्दा बढी तृणमूल काउन्सिलरहरूले राज्यभरका नगरपालिका निकाय छोडेका छन् । त्यसैले, तृणमूलको विघटन सबै तहमा छ ।

चुनावी पराजयपछि पश्चिम बङ्गालमा तृणमूलको नाटकीय पलायनले पुन: एउटा बहस सुरु गरेको छ- के पार्टीको पतन अपरिहार्य थियो (किनकि यसको आफ्नै सुसङ्गत वैचारिक आधार कहिल्यै थिएन) ? जवाफ आंशिक रूपमा हो, तर पूर्ण रूपमा होइन । तृणमूलको वर्तमान सङ्कट टिकाउ वैचारिक ढाँचामा भन्दा पार्टी नेतृत्वको लोकप्रियता र वामपन्थीविरोधी भावनामा आधारित राजनीतिक मोडेलको परिणामजस्तो देखिन्छ । यस्तो मोडेलले वर्षौंसम्म चुनावी विजय त प्रदान गर्न सक्ला, तर सत्ता गुमाएपछि यो कमजोर हुन्छ । अन्य क्षेत्रीय दलहरूका लागि पनि यो पाठ हो ।

**नाराको कमजोरी**

'माँ, माँटी, मानुष' (आमा, मातृभूमि र मानिस) नारा आधुनिक भारतीय राजनीतिमा सबैभन्दा शक्तिशाली राजनीतिक नारामध्ये एक हो । यो नाराले जग्गा अधिग्रहण र वाममोर्चाको राजनीतिक अहङ्कारविरुद्ध जनआक्रोशलाई परिचालन गर्न तृणमूललाई मद्दत गऱ्यो । यो नारा तल्लो तहको सशक्तीकरणको पर्यायवाची बन्यो र अन्तत: २०११ मा तृणमूललाई सत्तामा पुऱ्याउन मद्दत गऱ्यो । निष्पक्ष हुनका लागि तृणमूलले बङ्गाली क्षेत्रीय गौरव, कल्याणकारी शासन र नयाँदिल्लीबाट अत्यधिक केन्द्रीकरणको रूपमा चित्रण गरिएको विषयको विरोधमा आधारित एक विशिष्ट राजनीतिक पहिचान सिर्जना गऱ्यो । अफसोच तृणमूलका स्थानीय शक्तिशाली व्यक्ति र गुन्डाले जबरजस्ती रकम असुलीको समूहमार्फत स्थानीय अर्थतन्त्रलाई नियन्त्रण गरेर पश्चिम बङ्गालमा समानान्तर शासन संरचना स्थापना गरे ।



उनीहरूले एउटा यस्तो प्रणाली लागू गरे जहाँ नागरिक र व्यवसायहरूलाई अनौपचारिक 'कर' तिर्न बाध्य पारियो । सार्वजनिक कोष र स्रोत लुटियो । १५ वर्ष सत्तामा रहेपछि तृणमूलले लामो समयदेखि सत्तामा रहेको हरेक दलले सामना गर्ने चुनौतीको सामना गऱ्यो- अहङ्कार, गुटबन्दी र साधारण नागरिकको सामीप्यबाट । संस्थापनविरोधी आन्दोलन बिस्तारै फैलियो । यसबाहेक, तृणमूलका अधिकांश कार्यकर्ता सीपीएम (कम्युनिस्ट पार्टी अफ इन्डिया, मार्क्सिस्ट) र अन्य राजनीतिक दलतर्फ पलायन हुँदा पार्टीभित्र बफादारी र इमानदारिता हराइरहेको थियो । जब मानिसले पार्टी मिसनको प्रतिनिधित्व गर्छ तब नारा सफल हुन्छ । जब मानिसहरूले वाचा र वास्तविकताबिच खाडल देख्न थाल्छन् तब नारा असफल हुन्छ ।

मानिसहरू अन्तत: प्रतीकात्मक राजनीतिक लडाइँभन्दा रोजगारी, औद्योगिक लगानी र युवा बसाइँसराइको बारेमा बढी चिन्तित भए । जब युवा अवसर खोज्न अन्यत्र जान बाध्यता महसुस गर्छन्, क्षेत्रीय गौरवका बारेमा गरिएका भावनात्मक अपिल खासै प्रेरणादायी हुँदैनन् ।

मुख्य वैचारिक स्तम्भ

विचारधाराद्वारा एकताबद्ध पार्टी चुनावी हारबाट बच्न सक्छ किनभने सदस्यहरू ठुलो उद्देश्यप्रति प्रतिबद्ध रहन्छन् । भाजपा सत्तामा आउनुअघि राष्ट्रियस्तरमा यसको अस्तित्व दसकौँसम्म किनारामा थियो । बङ्गालमा वामपन्थीहरूले धेरै चुनावी झट्काहरू भोग्नुपरेको थियो किनभने कार्यकर्ताहरू वैचारिक रूपमा प्रेरित थिए । भारतमा धेरै क्षेत्रीय दलहरू आकर्षक नेताहरूको वरपर छन् । तृणमूलको अनुभव तेलङ्गनामा बीआरएस (भारत राष्ट्र समिति) सँग मिल्दोजुल्दो छ । बीआरएसले लगभग एक दशकसम्म तेलङ्गना राजनीतिमा प्रभुत्व जमायो । यसको क्षेत्रीय गौरव थियो । एकपटक त्यो अभियान पूरा भएपछि र शासनका मुद्दा प्रबल भएपछि पार्टीको प्राण धेरै कमजोर भयो । आन्दोलनले सत्ता जित्न सक्छ । त्यही भएर आन्दोलनपछि गठन भएको सरकारले (राज्य वा केन्द्र दुवै) ले डेलिभर दिन सक्नुपर्छ । तृणमूल कङ्ग्रेसमा निरन्तर जनाधार घट्नुको एउटा कारण यो पनि हो ।

यसको विपरीत, डीएमकेले एक रोचक भिन्नता प्रस्तुत गऱ्यो । कोही यसको विचारधारासँग सहमत होस् वा नहोस्, यसमा द्रविड आन्दोलन, सामाजिक न्याय र तमिल पहिचानमा आधारित स्पष्ट वैचारिक ढाँचा छ ।

पार्टी प्राय: असफलताबाट बच्न सक्छ किनभने समर्थकहरूले यसलाई चुनावी मेसिनभन्दा बढी हेर्छन् । यही कारणले पार्टीको विचारधारा महत्त्वपूर्ण छ । विचारधाराले हरेक चुनाव जित्छ भनेर होइन, तर यसले दलहरूलाई हारबाट बच्न मद्दत गर्छ । महाराष्ट्रमा, शिव सेना युबिटीमा निरन्तर घर्षण वैचारिक परिवर्तन र विवादास्पद नेतृत्वको एक उत्कृष्ट उदाहरण हो । भाजपामा विलय भएका आम आदमी पार्टीका १० मध्ये ७ राज्यसभा सांसदहरूको हालैको सामूहिक दलत्यागको घोषणा विचारधारा हराउँदै गएको अर्को उदाहरण हो । विद्रोही नेताहरूले खुला रूपमा विषाक्त कार्यशैली, कडा दमन र पार्टीको मूल संस्थापक सिद्धान्तबाट विचलनलाई आफ्नो बहिर्गमनको प्राथमिक कारणको रूपमा उल्लेख गरे ।

उत्तर भारतका क्षेत्रीय दलहरू जस्तै- जनता दल युनाइटेड र बिहारमा राष्ट्रिय जनता दल र उत्तर प्रदेशमा समाजवादी पार्टी समाजवाद, धर्मनिरपेक्षता र सामाजिक न्यायमा आधारित आफ्नो मूल विचारधाराका कारणले बाँचिरहेका छन् । वर्षौँको दौरान विभिन्न सामाजिक गठबन्धनमार्फत क्षेत्रीय दलले आफ्नो परम्परागत भोटबैङ्कहरू सुरक्षित राख्न सफल भएका छन् । २०२६ को राजनीतिक घटनाहरूलाई अन्तत: भारतभरका क्षेत्रीय दलहरूका लागि पाठको रूपमा सम्झन सकिन्छ । आकर्षक नेतृत्वले आन्दोलन निर्माण गर्न सक्छ । कल्याणकारी योजनाहरूले मतदाता आधार सिर्जना गर्न सक्छ । चुनावी विजयले एकतालाई कायम राख्न सक्छ । तर, जब हार आउँछ, केवल बलियो संस्था र साझा वैचारिक प्रतिबद्धताले मात्र पार्टीलाई एकतामा राख्न सक्छ । भारतीय मतदाताहरू संसारमा सबैभन्दा राजनीतिक रूपमा सचेत छन् र कुनै पनि पार्टी अजेय छैन ।

तृणमूलको विस्फोटले सङ्गठनभित्र धेरैका लागि शक्ति नै मुख्य आधार थियो भन्ने सङ्केत गर्छ । पछि विद्रोह गर्नेहरूमध्ये धेरैले पहिले तृणमूलको व्यापक गठबन्धन निर्माण रणनीतिबाट लाभ उठाएका थिए । पार्टीले सत्ता गुमाएपछि विभिन्न गुटहरूलाई एकताबद्ध गर्ने प्रोत्साहन नाटकीय रूपमा कमजोर भए । 'शक्ति' भनिने त्यो बल विघटन भएपछि, संरचना तासको महलजस्तै ढल्यो ।

*(एनडीटीभीमा प्रकाशित भारतकी वरिष्ठ पत्रकार भारतीय मिश्र नाथको आलेखलाई सुभाष शर्माले अनुवाद गरेका हुन् ।)*




*शिक्षा....*

असार २० र २१ गते भएको उक्त प्रतियोगितामा २१ वटा टीम सहभागी रहेको छ। ४५ वर्षमाथि उमेर समूहका डबल भेन्ट्रान्स प्रतियोगितामा अनमोल साकोसका खेलाडी दीपक बस्नेत र युवराज श्रेष्ठको टोली उत्कृष्ट खेल प्रदर्शन गर्दै प्रथम हुन सफल भयो। खेलाडी टीकाबहादुर थापामगर र देनराज घिसिङको प्रदर्शनमा चण्डेश्वरी साकोसले द्वितीय स्थान हासिल गरेको छ भने शुभकामना साकोसका रणबहादुर एरी र नारायण थापाको टोलीले तेस्रो स्थान हासिल गरेको छ। त्यस्तै, सङ्गम साकोसबाट राधेश्याम ख्याजु र राजेश घेमोसुको टोली सान्त्वना भयो।

अतिथि प्रजापतिले प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुन सफल टोलीलाई ट्रफी र मेडलसहित क्रमश: रु.१०,०००।-, रु.६,०००।-, रु.४,०००।- र रु.२,०००।- तथा सहभागी टोलीलाई प्रमाणपत्र वितरण गर्नुभयो।

खेलकुद उपसमितिका संयोजक राजेश प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा सदस्य क्यारिन्डा खयरगोली, अन्तर्राष्ट्रिय ब्याडमिन्टन रेफ्री राधेश्याम मचामसीले पनि बोल्नुभएको थियो।

# सुस्तावासीहरू भूमि रक्षा गर्न काठमाडौँमा धर्ना

काठमाडौँ, २१ असार। भारतीय विस्तारवादले नेपालको नवलपरासी जिल्लाको सुस्तामा हस्तक्षेप गरेको ६० वर्ष नाघ्यो। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले यो भूमि रक्षाको लागि २०२५ सालमा भारतीय विस्तारवादविरूद्ध आवाज उठाउनुभएको थियो। नेपालमा भारतीय विस्तारवादविरूद्ध त्यो पहिलो आवाज थियो।

यतिखेर काठमाडौँको माइतीघर मण्डलामा सुस्तावासी नेपालीहरू आफ्नो देश रक्षाको लागि जम्मा भएका छन्। चार दिनदेखि काठमाडौँमा धर्ना बस्न आएका सुस्तावासीहरू अब आमरण अनसनको तयारीमा छन्।

एक सहभागीले सुस्तामा भारतीय विस्तारवादको गोली खाएर मर्नुभन्दा काठमाडौँमा आमरण अनसन बसेर मृत्युवरण गर्ने बताए। रास्वपा सरकारसँगको वार्तामा सुस्तावासीले नेपाली माटोको रक्षा गर्ने जिम्मा गृहमन्त्रालयलाई दिएको बताए। सुस्तावासीले २०६३ सालमा पनि देशको भूमि रक्षाको लागि ६ महिना आन्दोलन गरेका थिए। नेका, एमाले, माओवादी सरकारले रक्षा नगरेको नेपालको खुला सीमा रास्वपा सरकारबाट हुनेमा सुस्तावासीहरू ढुक्क छैनन्।

# भक्तपुरको सार्वजनिक जग्गा र कमलपोखरी निजी कसरी ?

काठमाडौँ, २१ असार। सरकारी, सार्वजनिक र गुठी जग्गा व्यक्तिको नाममा दर्ता भई हिनामिना भएको पुन:सार्वजनिक गराउन नेपाल सरकारले २०७६ सालमा एउटा आयोग नै गठन गरेको थियो। सो आयोगले तयार गरेको प्रतिवेदनमा २१ जिल्लामा ८,१९० रोपनी सार्वजनिक जग्गा हिनामिना भएको उल्लेख थियो। सो प्रतिवेदनमा वाग्मती प्रदेशमा १०९ रोपनी सार्वजनिक जग्गा व्यक्तिले हडपेको उल्लेख छ।

वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले हनुमन्ते खोलाको २०० रोपनीभन्दा बढी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिएको विषय पटक पटक उठाउनुभएको छ। तर, सरकारहरू मौन छन्।

बालकोटको तारवार गरिएको ११ रोपनी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिएको विषय न्यूज २४ टीभीको 'सीधा कुरा जनतासँग' मा सार्वजनिक भएको पनि लामो भयो। साबिक झौखेल गाविस वडा नं ८ (च) को किनं ५९५ क्षेत्रफल ७ रोपनी ६ आनाको सार्वजनिक कमलपोखरी व्यक्तिको नाममा दर्ता गरिएको पुन: सार्वजनिक गराउन केही वकिलहरूले आयोगको सिफारिस र सरकारको निर्णयसहित मालपोत कार्यालय भक्तपुरमा प्रमाणसहित पेस गरेको पनि लामो भयो। तर, सरकारहरू चुप छन्।

दुवाकोटको १६ रोपनीभन्दा बढी सार्वजनिक जग्गा केही भूमाफियाहरूले प्लटिङ गरेर बेखबिखनसमेत गरेको विरोधमा कानुन व्यवसायीहरू सङ्घर्षरत छन्।

व्यक्तिको नाममा दर्ता गरिएका अर्बौं रूपैयाँको सार्वजनिक जग्गा र कमलपोखरी पुन:सार्वजनिक गर्न सरकारी निकाय तदारूक नभएकोमा स्थानीय जनता आक्रोशित छन् भने 'पुराना र नयाँ सरकार एकै ड्याङ्का मुला नै हुन् र' भन्ने प्रश्न उठाउँदै छन्।

# के यी सत्य हुन् ?

● रास्वपाका प्रतिनिधिसभा सदस्य मनिष झाको भनाइ - अहिले सरकारको संस्कार परिवर्तन भएन, पहिलाकै संस्कार, त्यही दम्भ ! संस्कार भनेको विधि र व्यवहारको अभ्यास हो। यहाँ न विधि परिवर्तन भयो, न व्यवहार परिवर्तन भयो ? न त्यसको अभ्यास परिवर्तन भयो ? दुईतिहाइ जनताले दिए तर त्यही जनतालाई दुईतिहाइको दम्भ दिए !

● सदनमा जनताको प्रश्नको अस्तित्व हुँदैन भने सदनमा जनता नै छिर्छन्। जुन हामीले भदौ २४ गते देख्यौँ। सदनमा सत्तापक्ष बलियो हुँदै गर्दा उसले दम्भ देखाउने होइन, दम्भ देखाउँदाको परिणाम त हामीले देखिसक्यौँ भदौ २३ लाई सम्झिरहनु होला !

● रास्वपा सभापति रवि लामिछानेबारे उनका दाजु हरिशरण लामिछानेको चेतावनी यसरी सार्वजनिक भयो - खरानी ग्याङको सङ्गतमा लागेर प्रेस स्वतन्त्रताको घाँटी निमोठ्ने तेरो अहङ्कार धेरै दिन टिक्दैन। घण्टी बजाउँदै कुद्दै गर, तेरो रालो घुमाउन अर्को खेलाडी आउँदै छ।

राष्ट्रियताको सवालमा आत्मसमर्पण गर्नु र देशभित्रका जल्दाबल्दा मुद्दा सुल्झाउन नसक्नुले रास्वपा सरकार सारमा रक्षात्मक अवस्थामा पुगेको छ।

● रास्वपाको प्रतिनिधिसभा सदस्य पारसमणी गेलालले भने - प्रशासकीय अधिकृत कर्मचारी हुन, सुघ्रिन सक्लान्। अब मेयर नै सरुवा गर्नुपर्ला। उनले मोबाइल कुराकानीमा यसरी भनिरहेको सार्वजनिक भयो।

● वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले प्रश्न गरे - बालेन साह मेयर हुँदा सङ्घीय सरकारले स्थानीय तहको अधिकार खोसेको भन्नुहुन्थ्यो, अहिले उहाँलाई स्थानीय सरकारको अधिकार खोस्न अलिकति पनि लज्जा छैन ? विश्व बैङ्कको एउटा कारिदा वाग्लेलाई ल्याएर महान् अर्थशास्त्री भनियो। विश्व बैङ्कमा यस्ता १० हजार कारिन्दा छन्। विश्व बैङ्कका अर्थशास्त्रीहरूको काम नक्कली तथ्याङ्क बनाउने हो। विश्व बैङ्कबाट आर्थिक वृद्धि देखाएको देश सङ्कटमा परेको धेरै उदाहरण छन्। वाग्लेले नेपालीलाई चिनेको छैन।

● रास्वपा सांसद अमरेशकुमार सिंहले प्रतिनिधिसभामा बोले– डरले शासन चल्ला तर डरले विकास हुँदैन। शिक्षा र स्वास्थ्य संविधानको मौलिक अधिकार हो। यसकारण, सरकारले विद्यार्थी र बिरामीसँग सिधै कर लगाउन मिल्दैन।

● अर्थमन्त्री वाग्लेले नेकाको कार्यकर्ता हुँदा भनेका थिए - स्वास्थ्यमन्त्री रामवरण यादवले हरेक गाविसमा स्वास्थ्य चौकी र डाक्टरको दरबन्दी पुऱ्याए, गगनजी स्वास्थ्यमन्त्री हुँदा स्वास्थ्य बीमालाई देशव्यापी बनाइयो। यसो गर्दा धान्न सकिन्थ्यो।

तर, अहिले आफै अर्थमन्त्री हुँदा वाग्लेले ३५ सय रूपैयाँले एक लाख रूपैयाँको स्वास्थ्य बीमा लामो जान सक्ने होइन भन्दै सर्वसाधारण नेपाली जनताले पाइरहेको स्वास्थ्य बीमा सेवा रास्वपा सरकारले दिन नसक्ने भनी रोक्ने तर्क गर्दै छन्। स्वास्थ्य बीमा चालू गर्न नसके रास्वपा सरकारबाट निस्कनुबाहेक अर्को उपाय के होला ?

● वाग्मती प्रदेशसभा सदस्य सरल सहयात्रीले प्रश्न गरे - सेनामा अख्तियार छिर्न नमिल्ने, सेनाको बारेमा बोल्न नहुने, तर सिंहदरबारमा आगो लागिराख्दा सशस्त्र र प्रहरीलाई बोलाएर हतियार छोड, छोडिनसक्ने राम्रो हुँदैन भनेर थर्काउन मिल्ने !? यही हो लोकतन्त्र ? नेपाली सेनाको विषयमा प्रश्न त अस्तिको जेन-जी आन्दोलनमा खडा भइसक्यो। आफ्नो परमाधिपति बसेको कार्यालय जोगाउन नसक्नेको सेनाबारे के कुरा गर्ने ? यसबारे समीक्षा हुनुपर्दछ।

● महादीप पोखरेलले OTV मा भने - सुधन गुरुङ पानी बाँड्न गएको केटो गृहमन्त्री भएका होइनन्। ऊ भदौ २३ र २४ गतेको विध्वंशका योजनाकार हुन्। भदौ २३ र २४ गते अगाडि नै सुधन गुरुङसहित आगजनीमा कहाँ-कहाँ आक्रमण गर्ने, कुन कुन प्रज्वलनशील पदार्थ कसरी बनाउने, GPS नक्साको प्रयोग कसरी गर्ने, स्थानहरू कसरी पत्ता लगाउने विषयमा तालिम भएको भीडीयोहरू सार्वजनिक भएका थिए। 'हामी नेपाली' को बारबरा फाउन्डेसनसित के सम्वन्ध छ ? अमेरिकी युथ काउन्सिलका नब्बे हजार सदस्यहरूको सक्रियताले भदौ २३ र २४ गतेको विध्वंशका पात्रहरू पुष्टि हुन्छ। यसकारण, उनीहरू प्रधानमन्त्री र गृहमन्त्री बन्न सफल भएका हुन्। नेपालको गृहमन्त्रीको हातमा TOB लेखिएको छ। यसबारे अमेरिकादेखि नेपालसम्मका पत्रिकामा छरपस्ट आएको छ। सुधन गुरुङको 'हामी नेपाली' संस्थाले Free Tibet student movement बाट पैसा ल्याएको पनि आमसञ्चारमा प्रकाशित भयो। बारबरा फाउन्डेनबाट ल्याइएको पनि आइरहेको छ। मेयर हुनु अगाडिबाटै बालेन स्वयम् अमेरिकी युथ काउन्सिलका उत्पादन हो। अहिले आन्दोलन गरिरहेका जेन-जीहरूलाई बालेन सरकारले गिरफ्तार गरी पन्छाउँदै छ। रवि लामिछाने र बालेन साहभन्दा पनि शक्तिशाली सुधन गुरुङ हो, King maker हो, विध्वंशका योजनाकार हो।

● माइतिघर मण्डलामा प्रदर्शनमा निस्केका एक महिलाले रास्वपाको बालेन साह सरकारको एक सय दिनको उपलब्धि 'शून्य' भएको ठोकुवा गरे।

*चीन....*

दीर्घकालीन, स्वस्थ र स्थिर विकासतर्फ नेतृत्व गरिनेछ," सीले भन्नुभयो।

हालै प्योङयाङको राजकीय भ्रमणको सन्दर्भमा सीले किमलाई भ्रमणको क्रममा दिइएको 'उत्साही र मित्रवत्' आतिथ्यको लागि धन्यवाद दिनुभएको छ।

यो सन्देश कोरियाली नेता किमको पत्रको जवाफमा आएको हो। किमले दुई नेताको नेतृत्वमा प्योङयाङमा भएको शिखर सम्मेलनलाई 'ऐतिहासिक अवसर' भन्नुभएको थियो। पेइचिङसँगको सम्बन्धलाई निरन्तर मजबुत बनाउने प्रजग कोरियाको 'अटल अडान' रहेको बताउनुभएको थियो।

प्रजग कोरियाले रुससँग सुरक्षा सम्बन्ध विस्तार गरेको छ। प्योङयाङले मस्कोको युक्रेन आक्रमणमा सहयोग गर्न सैनिक र हतियार आपूर्ति गरिरहेको छ।

यद्यपि, चीन प्रजग कोरियाको सबैभन्दा ठूलो आर्थिक साझेदार हो।

हार्दिक बधाई



मिति २०८३ वैशाख २७, २८ र २९ गते
पोखरामा सम्पन्न नेपाल यातायात व्यवसायी
राष्ट्रिय महासंघको ७ औँ राष्ट्रिय महाधिवेशनबाट
यस १९ गते इँट्टा बिक्री सहयोगी समूहका उपाध्यक्ष
श्री सत्यनारायण सुवालज्यू मिनी ट्रक वर्गअन्तर्गत
केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकोमा
हार्दिक बधाई तथा शुभकामना !
१९ गते इँट्टा बिक्री सहयोगी समूह
भक्तपुर

हार्दिक बधाई



मिति २०८३ वैशाख २७, २८ र २९ गते
पोखरामा सम्पन्न नेपाल यातायात व्यवसायी
राष्ट्रिय महासंघको ७ औँ राष्ट्रिय महाधिवेशनबाट
यस काठमाडौँ उपत्यका इँट्टा बिक्री डिपो संघका
सचिव श्री सत्यनारायण सुवालज्यू मिनी ट्रक
वर्गअन्तर्गत केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकोमा
हार्दिक बधाई तथा शुभकामना !
काठमाडौँ उपत्यका इँट्टा
बिक्री डिपो संघ

गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

❖ प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
❖ अत्यधिक घाममा लामो समयसम्म नबसौं,
❖ चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
❖ जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
❖ बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
❖ तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
❖ घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा